मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २८२ ● २०८० साल भदौ ०५ गते मंगलबार ● Tuesday 22, August 2023 ● सूर्योदय: बिहान ५:४० बजे ● सूर्यास्त: साँझ ६:३६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## प्रदीप गिरिको स्मृतिमा कसले कसरी सम्झे ?

*नेपाली कांग्रेसका नेता प्रदीप गिरीको निधन भएको भदौ ४ गते एक वर्ष पुगेको छ । उनको स्मृतिमा नेपाली कांग्रेसले ७७ वटै जिल्लामा 'प्रदीप गिरिः संवाद' कार्यक्रम आयोजना गर्यो । संवाद कार्यक्रममा सहभागी कांग्रेससँगै विभिन्न राजनीतिक दलका नेताहरुले उनको कृतिहरुको स्मरण गरे । सादगी नेताको पहिचान बनाएका गिरी २०२४ सालमै नेपाली कांग्रेसका केन्द्रिय सदस्य थिए । भारतको जवाहरलाल नेहरु विश्वविद्यालयबाट अर्थशास्त्र र दर्शनशास्त्रमा स्नातकोत्तर गरेका गिरि नेपालमा पञ्चायती व्यवस्था विरुद्ध संघर्षको क्रममा फरक फरक समयमागरी चार वर्ष जेल जीवन बिताएका थिए । २०१७ सालदेखि राजनीतिमा सक्रिय रहेका गिरिको निधनपछि कसले कसरी स्मरण गरे ? सोमबार विभिन्न जिल्लामा आयोजित संवाद कार्यक्रममा गिरिको वारेमा आएका भनाईहरुः*



### बीपीपछिको ठूलो समाजवादी चिन्तक



**शेरबहादुर देउवा**
**सभापति, नेपाली कांग्रेस**

प्रदीप गिरि नेपालमा बीपी कोइरालापछिका सबैभन्दा ठूलो समाजवादी चिन्तक हुनुहुन्थ्यो । समाजवादी चिन्तकको रूपमा बीपी कोइरालापछि कसैको नाम लिने हो भने प्रदीपजीकै नाम लिनुपर्ने हुन्छ । उहाँ धेरै ठूलो विद्वान् हो, बीपीपछिको ठूलो समाजवादी चिन्तक हो । उहाँका कृतिहरू छन् भने प्रकाशन गर्नुपर्छ, पार्टीले पनि सहयोग गर्नेछ । उहाँ कहिल्यै नथाक्ने व्यक्तिको रूपमा लिएको छु । उहाँका लेख, कृतिहरू पार्टीले प्रकाशित गर्नुपर्छ । त्यसबाट हाम्रो सिंगो पार्टी लाभान्वित हुनेछ ।

### 'त्यसैले संविधानमा हस्ताक्षर गर्नुभएन'



**उपेन्द्र यादव**
**अध्यक्ष, जसपा नेपाल**

प्रदीप गिरि असल नेता हुनुहुन्थ्यो । उहाँले मुक्तिको आन्दोलन भनेर सबैभन्दा पहिले मधेशमा भएको जनविद्रोहलाई समर्थन गर्नुभयो । मधेस आन्दोलनमा अरुले विभिन्न आरोप लगाउँदा गिरिले समर्थन गर्नुभएको म अहिले पनि सम्झिन्छु ।

मधेस विद्रोह विभेदमा पारिएका सीमानतकृत समुदायहरुको संघर्ष थियो । त्यो आन्दोलनलाई कसै कसैले यो अतिवादी हिन्दुहरुले गरेको आन्दोलन भन्थे । शान्ति प्रक्रियालाई विथोल्न आएको आन्दोलन भन्थे । कसैले साम्प्रदायिक भनेर आरोप लगाएको बेलामा प्रदीप गिरि एक्लैले यो आन्दोलन मुक्तिको आन्दोलन हो । यसलाई सबैले साथ दिनुपर्छ भनेर सार्वजनिक रुपमा वक्तव्य दिनुभएको थियो ।

अहिलेको संविधानले अन्तरिम संविधानले व्यवस्था गरेका अधिकारलाई पनि सम्बोधन गर्न सकेको छैन । समावेशिता, संघीयता, निर्वाचन प्रणालीप्रति प्रदीप गिरिको विमति थियो । उहाँको विचार र हाम्रो बुझाइ एउटै थियो । संविधानले भविष्यलाई देखेन । अहिले समस्या छ । मुलुकलाई गतिदिन सक्दैन भनेर हामी दुई जनाले हस्ताक्षर नगरेको हो ।

### 'आश्रमलाई समाजवादको पाठशाला बनाऔँ'



**मनिष झा**
**नेता, रास्वपा**

सिरहामा प्रदीप गिरिको आश्रम छ । त्यसलाई लोकतान्त्रिक समाजवादको पाठशालाको रुपमा सुरक्षित राखौँ । उहाँलाई सम्झिने यो कोलाहलमा होइन, त्यो बगैँचामा सान्दर्भिक हुनेछ । जुन रुख उहाँले रोप्नुभएको छ त्यसको संरक्षण गरौँ र त्यो आश्रमलाई लोकतान्त्रिक समाजवादको पाठशाला बनाऔँ । सिरहामा गिरिको आश्रमलाई लोकतान्त्रिक समाजवादको पाठशाला बनाउन सबै राजनैतिक दलले पहल गर्नुपर्ने आवश्यक्ता छ । उक्त आश्रममा आश्रित परिवारलाई केही आर्थिक स्रोत दिएर सन्तोष दिनुपर्छ भने त्यसका लागि पनि आँट गरौँ । आज म उहाँले रोप्नु भएको रुखलाई सम्झेर श्रद्धान्जली दिन्छु ।

### 'कदमजम' अभियान ल्याउनुभयो



**मिनबहादुर विश्वकर्मा**
**नेता, नेपाली कांग्रेस**

मधेश र पहाडको विभेद मधेशी नेतालेभन्दा स्वर्गीय प्रदीप गिरिले बढी चिन्नुभएको थियो । उहाँले मधेशलाई विभेद भएको छ भनिरहनुहुन्थ्यो । जातीय विभेदले दलहरु सिद्धिने भन्दै उहाँले जातीय विभेदविरुद्ध दलहरु लाग्नुपर्ने बताउनुहुन्थ्यो । धर्मका सवालमा एजेण्डा नभएको दलले धर्मको कुरा उचाल्नेगरेको उहाँको भनाई थियो । प्रदीप गिरि सामाजिक अभियन्ता हुनुहुन्थ्यो । उहाँले भनेको म स्मरण गर्छु, 'कांग्रेस विभाजन हुँदा हामी सामाजिक रुपान्तरणका मुद्दा लेख्दै थियौँ । मुलुकमा द्वन्द्व थियो । मुलुकमा शानित ल्याउने हो भने सामाजिक रुपान्तरणका कुरालाई पार्टीले बोक्नुपर्छ । भूगोलका दृष्टिले कर्णाली, विभेदका दृष्टिले दलित, मधेशी, थारु, मुस्लिम र लैंगिक समानताका विषयमा नबोल्ने हो भने दल नयाँ बनाएर के अर्थ रहन्छ ?'

गिरिले सामाजिक रुपान्तरणका लागि 'कदमजम' सूत्र दिनुभएको थियो । क भनेको कर्णाली, द भनेको दलित, म भनेको महिला, ज भनेको जनजाति र म भनेको मधेशी । यी वर्गलाई राज्यको मूल प्रवाहमा ल्याउनुपर्ने उहाँको भनाईं थियो । उहाँको प्रेरणाबाट आज सम्भव भएको छ राज्यको प्रत्येक संरचनामा महिला, दलित, जनजाति, थारु, मुस्लिमलाई जनसंख्याका आधारमा समानुपातिक सहभागिता हुनेछ भनेर पहिलो संविधानमा लेख्यौँ । भलै २०७२ को संविधान अझै पूर्ण भएन भनेर हस्ताक्षर उहाँले गर्नुभएन ।

### 'समाधान माक्र्सवादमा देख्नुहुन्थ्यो'



**घनश्याम भुषाल**
**नेता, नेकपा (एकिकृत समाजवादी)**

नेपाली कांग्रेसका नेता प्रदीप गिरि अविभाजित व्यक्ति हुनुहुन्थ्यो । जे भन्नुहुन्थ्यो त्यहीँ गर्ने उहाँको स्वभावप्रति म प्रभावित भएको हुँ । साँच्चै भन्ने हो भने उहाँबाट समाजले लिनुपर्ने कुरा लिन सकेकै छैन । उहाँले मलाई आफ्नो आश्रममा जाऔँ भन्नुभएको थियो । त्यहाँ गएर विभिन्न विषयमा छलफल गर्ने र सबै रेकर्ड गर्ने मैले सोचेको थिएँ । तर, उहाँबाट पाउनुपर्ने कुरा गुम्यो । मलाई पश्चाताप छ । मुलुकको सर्वाधिक बौद्धिक मध्येको एउटा व्यक्ति हो । सिद्धान्त र इतिहासमा कमाण्ड भएको मान्छे हामीले गुमाएको हो ।

स्वर्गीय गिरि एसियामा औँलामा गन्न सकिने माक्र्सवादी नेता हुनुहुन्थ्यो । हाम्रो पार्टीमा कांग्रेसलाई ल्याएर माक्र्स पढाउने भन्ने कुरा भयो । जवाफमा मैले उहाँ जति माक्र्स जान्ने एसियामा औँलामा गन्न सकिने मान्छे होलान् भनेर बुझ्थेँ । उहाँ माक्र्सवादी हुनुहुन्थ्यो । उहाँले सारा समस्याको समाधान माक्र्सवादमा देख्नुहुन्थ्यो । स्वयम् माक्र्समा पनि समस्या देख्नुहुन्थ्यो । त्यसको खोजीका लागि भौतारिराख्नु भएको थियो । मैले बुझेको प्रदीप गिरि यहीँ हो ।

गिरिको समाजवाद, माक्र्सवाद र स्वतन्त्रता सबै श्रम जीविकाप्रति निशर्त प्रतिबद्धताबाहेक केही पनि थिएन भन्ने कुरामा म प्रष्ट छु । संविधानमा किन हस्ताक्षर गर्नुभएन भन्दा मधेशका प्रति मेरा केही प्रतिबद्धता छन् जसकारण मैले संविधानमा हस्ताक्षर गर्नु हुँदैन थियो । जस्तो गर्छौं, त्यस्तै बोल्छु भन्ने कुरा मात्रै पनि प्रदीप गिरिबाट हामीले सिक्यौँ भने उहाँबाट राजनीतिमा ठूलो योगदान हुन्थ्यो ।

प्रदीप गिरि हुँदा बौद्धिक रुपमा अहिलेभन्दा बढी सुरक्षित छु जस्तो लाग्थ्यो । अप्ठ्यारो पर्यो भने प्रदीपजी हुनुहुन्छ भन्ने अनुभूति हुन्थ्यो ।

## वीरगंजबाट समाजवादी मोर्चा घोषणा तयारी



भदौ ८ : वीरगंज
भदौ १२ : बुटवल
भदौ १३ : धनगढी
भदौ १४ : सुर्खेत
भदौ १५ : हेटौँडा
भदौ २५ : विराटनगर

**मधेशदृष्टि**
**जनकपुर ।**

सत्तारुढ नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी पार्टी र विप्लव नेतृत्वको नेकपा मिलेर बनेको समाजवादी मोर्चाले ७ प्रदेश र ७७ जिल्लामा समन्वय समिति गठन प्रक्रिया सुरु गरेको छ ।

सोमबार नेकपा एकीकृत समाजवादी पार्टीको काठमाडौँस्थित पार्टी कार्यालयमा बसेको मोर्चा बैठकले प्रादेशिक तथा जिल्ला समन्वय समिति गठनका लागि दलगत रुपमा मातहतका संगठनलाई पत्राचार गर्ने निर्णय गरेको छ । यसैक्रममा भदौ ८ गते वीरगंजबाट मधेश प्रदेशको मोर्चा घोषणा गर्ने निर्णय भएको बैठकमा सहभागी नेकपा माओवादी केन्द्रका नेता समेत रहेका गृहमन्त्री नारायणकाजी श्रेष्ठले जानकारी दिए ।

मोर्चाले भदौ ८ गतेदेखि २५ गतेसम्म सातवटै प्रदेशका प्रमुख शहरमा प्रादेशिक मोर्चा घोषणासभा आयोजना गर्ने भएको छ ।

वीरगंजको सभा आयोजना गर्ने जिम्मेवारी जनता समाजवादी पार्टीले लिएको छ । भदौ १२ गते नेपाल कम्युनिष्ट पार्टीको आयोजनामा लुम्बिनी प्रदेशको बुटवलमा र भदौ १३ गते नेकपा एकीकृत समाजवादी पार्टीको अगुवाईमा सुदुरुपश्चिम प्रदेशको धनगढीमा मोर्चा घोषणसभा आयोजना गर्ने भएको छ । त्यस्तै, भदौ १४ गते कर्णाली प्रदेशको सुर्खेतमा माओवादी केन्द्रले मोर्चा घोषणासभा आयोजना गर्नेछ भने १५ गते नेकपा एकीकृत समाजवादी मोर्चाको आयोजनामा बागमती प्रदेशको हेटौँडामा सभा आयोजना हुनेछ । भदौ २५ गते कोशी प्रदेशको विराटनगरमा घोषणासभा आयोजना गर्ने मोर्चाको बैठकले निर्णय गरेको हो । मोर्चाका सदस्य सचिव प्रमेश हमालका अनुसार सबै प्रादेशिक मोर्चा घोषणासभा दिउँसो एक बजेदेखि सुरु हुने तयारी गरिएको छ ।

मोर्चाले जिल्लास्तरमा सबै पार्टीबाट दुई जनाको दरले प्रतिनिधित्व गर्नेगरी जिल्ला समन्वय समिति र प्रदेशमा तीन जनाको दरले प्रतिनिधित्व गरी प्रदेश समन्वय समिति गठन गर्ने आधार बनाएको छ । जिल्ला र प्रदेशमा सबै दलबाट एक जनाको दरले समेटेर सचिवालय गठन गरी चलायमान बनाउन भनिएको छ । समाजवादी मोर्चाले सोमबार गरेको निर्णयले अगामी निर्वाचनसम्म नै यो मोर्चालाई सशक्त ढंगले सञ्चालन गर्ने मनसाय मोर्चामा आबद्ध दलका शीर्षस्थ नेताहरुको देखिन्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्ने, वर्गीय तथा जातीय विभेद अन्त्य गर्ने, समावेशी समाज निर्माण गर्ने, आन्तरिक तथा बाह्य लगानीमैत्री वातावरण बनाएर मुलुकलाई समृद्धिको बाटोमा डोर्याउने लगायत १५ बुँदे सामुहिक एजेण्डासहित गत असार ४ गते मोर्चाको घोषणा भएको थियो ।

सुरुमा बाबुराम भट्टराई र वामदेव गौतम पनि मोर्चामा सामेल हुने तयारी रहेपनि अन्तिम समयमा उनीहरु बाहिरिएका थिए । एमालेसँगको गठबन्धनमा तेस्रो पटक सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गरेका माओवादी नेता पुष्पकमल दाहाल प्रचण्डले केही दिनमै धोका पाएपछि सत्ता टिकाउनकै लागि समाजवादी मोर्चा बनाएको भन्दै आलोचना भएको थियो ।

पछिल्लो समय गौर हत्याकाण्ड सम्बन्धी मुद्दाको कारण उपेन्द्र यादव टाढिने सम्भावना बढिरहेको बेला मोर्चा झन् सक्रिय भएको देखिन्छ ।

विगत १७ वर्षदेखि विशेषज्ञ डाक्टरहरुद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको जानकी हेल्थ केयर एण्ड टिचिङ्ग हस्पिटल प्रा. लि. जनकपुरधाम–८ द्वारा थप गुणस्तरीय सेवा प्रदान भईरहको व्यहोरा सहर्ष जानकारीको लागि अनुरोध छ।



यूरोलोजी सेवा
ल्याप्रोस्कोपीक सर्जरी

न्यूरो तथा ट्रमा सेवा
डा. प्रधुमन कुमार यादव
MBBS, MS, PAKISTAN (PMIS)
Ex. Consultant (ट्रमा सेन्टर बिर अस्पताल)
(BRAIN & SPINE SURGEON)
NMC No. 13146
हात खुट्टा झमझमाउने, टाउको दुख्ने, बान्ता हुने, क्षारे रोग (मीर्गी) पक्षाघात तथा मस्तीस्क, नशा र मेरुदण्ड सम्बन्धी हरेक समस्याको उपचार।

यूरो सेवा
डा. सुधिर कुमार सिंह
MBBS, MS, MCH
(यूरो सर्जन)
NMC No. 5090
किडनी (मृगौला) पत्थरी, पिशाव थैलीको पत्थरी, पिशाव थैलीमा मासु पलाएको दुरबिनद्वारा अपरेशन तथा किडनी र, पिसाव थैलीको सम्बन्धी हरेक समस्याको उपचार।

जानकी हेल्थ केयर एण्ड टिचिङ्ग हस्पिटल प्रा. लि.
बजरंग चौक, जनकपुरधाम–८
9801600102 | 9801671250
jhcrc66@gmail.com
१७ औं वर्ष

## संसद अवरोध गरेर एमालेले गलत गर्योः परराष्ट्रमन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**

परराष्ट्रमन्त्री एनपी साउदले मुलुकका सामु अनेकौँ समस्या र चुनौति थपिएका बेला प्रमुख प्रतिपक्षी नेकपा एमालेले संसद अवरोध गरेर गलत गरेको बताएका छन् । पर्साको पटेर्वासुगौली गाउँपालिकाको वडा नम्बर–४ सुगौलीमा सोमबार गाउँपालिकाको प्रशासकीय भवन शिलान्यास गर्दै मन्त्री साउदले संसद जनप्रतिनिधिको उच्चथलो भएकाले सदन सुचारु हुनुपर्ने कुरामा जोड दिए ।

उनले नेकपा एमालेले लामो समयसम्म संसदलाई रोक्यो भने यो उसैका लागि गलपासो हुने चेतावनी दिँदै सरकारले सुन तस्करीका बारे निष्पक्षरुपमा छानबिन गरिरहेको र यसमा संलग्न जो कोहीलाई कडा कारबाही गरिने बताए । परराष्ट्रमन्त्री

बाँकी पृष्ठ २ मा

# क्याटो र मरिम्ला नाका खोल्न आग्रह

***भाषा तथा सहनसहनसमेत उपल्लो डोल्पाका सर्वसाधारणको तिब्बतसँग मिल्ने गर्दछ । उपल्लो डोल्पामा सडक कहिले पुग्ने कुनै टुङ्गो छैन । भेरी करिडोरको जाजरकोटबाट डोल्पाको दुनैसम्म अधिकांश पुलहरु निर्माण गर्न बाँकी नै छ ।***

**रासस**
**जाजरकोट ।**
उपल्लो डोल्पामा चीनको नाका हुँदै खाद्यान्न तथा नुन आयात नगरिएको पाँच वर्ष (२०७६) भयो । कोरोना सुरुआत भएसँगै चीनबाट उपल्लो डोल्पामा आउने सबै खालका व्यापारिक कार्य ठप्प भएका थिए ।

काठमाडौँबाट तिब्बतको बाटो हुँदै मारिम्ला र क्याटो नाकाबाट उपल्लो डोल्पामा चामल तथा नुन कोरोना समयभन्दा अगाडि आयात हुँदै आएको थियो । प्रत्येक वर्ष १५ दिन हाट बजारको नाममा यो नाका खोल्ने गरिएकामा कोरोनाको समयदेखि हालसम्म सो कार्य बन्द हुँदै आएको छ । खाद्यव्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले उपल्लो डोल्पामा खाद्यान्न ढुवानी गर्न चीनको बाटो प्रयोग गर्दै आएको थियो ।

त्यस्तै, साल्ट ट्रेडिङ कर्पोरेशनलेसमेत उपल्लो डोल्पामा नुन ल्याउने यही चीनको बाटो प्रयोग गर्दै आएको थियो । कोरोनाको समयमा बन्द गरिएको नाका अहिलेसम्म नखुल्दा उपल्लो डोल्पामा सर्वसाधारणले कुनै पनि सरकारी अनुदानको खाद्यान्न तथा नुन प्रयोग गर्न पाएका छैनन् ।

अहिले उपल्लो डोल्पाका विषयमा चासो राख्दै १५ दिनका लागि भए पनि नाका खुला गराउन प्रतिनिधिसभा सदस्य धनबहादुर बुढा, शे–फोक्सुण्डो गाउँपालिकाका उपाध्यक्ष पेम्मा वाङ्छेन गुरुङले परराष्ट्रमन्त्री नारायण प्रकाश साउदको ध्यानाकर्षण गराएका छन् । प्रधानमन्त्रीको आगामी चीन भ्रमणका बेला मोरिम्ला र क्याटोको कुरा उठाउन उपल्लो डोल्पावासीले माग गरेका छन् । चीनको स्वाशासित क्षेत्र तिब्बतको सिँगाचे प्रदेशस्थित डोङ्बा काउन्टिले व्यापारिक नाका केही दिनका लागि खुल्ने जनाएकाले सोही अवसरमा डोल्पाका नाका खोल्नका लागि पहल गरिएको सांसद बुढाको भनाइ थियो । उपल्लो डोल्पामा पर्ने शे–फोक्सुन्डो, डोल्पोबुद्ध र छार्कताङ्सोङ गाउँपालिका भेरी करिडोरको सडकसँग नजोडिएकाले यहाँ खाद्यान्नदेखि दैनिक उपभोग्य सामग्री लिन समस्या हुँदै आएको छ । तिब्बतबाट उपल्लो डोल्पाका आधा भागसम्म सडक निर्माण भइसकेकाले खाद्यान्न तथा अन्य सामग्री ढुवानी गर्न सहज अवस्था रहेको छ । वर्षमा एकमात्र बाली पाक्ने उपल्लो डोल्पामा उत्पादित अन्नले तीन महिनाभन्दा बढी नपुग्ने भएकाले बाहिरबाट आयातित अन्न नै यहाँको बाँच्ने प्रमुख आधार रहँदै आएको छ । स्थानीय तह स्थापना पछि मात्र केही विकास निर्माणका काम देखापरे पनि अझैँ भारीमात्रामा काम गर्न बाँकी रहेको शे–फोक्सुण्डो गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवराज शर्मा न्यौपानेले बताए । अहिले दुनैबाट उपल्लो डोल्पा जाने घोडेटो बाटोसमेत वर्षाको पानीले भत्काएका कारण आवतजावतमा समस्या हुँदै आएको छ ।

भेरी करिडोर हुँदै उपल्लो डोल्पा घोडा, खच्चडमा पु¥याएको खाद्यान्न तथा अन्य सामग्री भारी महँगो पर्ने गरेको डोल्पाबुद्ध गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम देवकोटाको गुनासो थियो । अहिले भेरी करिडोर सडक निर्माण गर्न सरकारले ५० करोड रुपैयाँ मात्र बजेट विनियोजन गरेको छ ।

उपल्लो डोल्पाको सडक निर्माण गर्न नेपाली सेनालाई दिएमा मात्र छिटो काम हुने उपल्लो डोल्पाका जनप्रतिनिधिले जोड दिँदै आएका छन् । भाषा तथा सहनसहनसमेत उपल्लो डोल्पाका सर्वसाधारणको तिब्बतसँग मिल्ने गर्दछ । उपल्लो डोल्पामा सडक कहिले पुग्ने कुनै टुङ्गो छैन । भेरी करिडोरको जाजरकोटबाट डोल्पाको दुनैसम्म अधिकांश पुलहरु निर्माण गर्न बाँकी नै छ ।

# देशभर ९२ प्रतिशत रोपाइँ



**मधेशदृष्टि**
**वीरगंज ।**
भदौ १ गतेसम्म ९२ प्रतिशत रोपाइँ सकिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहप्रवक्ता तपेन्द्रबहादुर बोहराका अनुसार १४ लाख ८८ हजार ४९ हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको छ । हालसम्म कोशी प्रदेशमा ९७ प्रतिशत, मधेश प्रदेशमा ८२ प्रतिशत, बागमती प्रदेशमा ९३ प्रतिशत, गण्डकी प्रदेशमा ९४ प्रतिशत, लुम्बिनी प्रदेशमा ९५ प्रतिशत, कर्णाली प्रदेशमा ९९ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा पनि ९९ प्रतिशत नै रोपाइँ सकिएको छ ।

गतवर्ष यही समयमा देशभर ९५ प्रतिशत भूभागमा रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ ।

यसवर्ष ढिला वर्षा भएकाले कम प्रतिशत रोपाइँ भएको हो । धेरै धान उत्पादन हुने मधेश प्रदेशमा सबैभन्दा कम प्रतिशत रोपाइँ भएको छ ।





## थौरै ध्यान दिउँ, आँखा जोगाउँ

*विगत केही दिन यता आँखा पाक्ने रोग फैलिँदै गइरहेकाले आँखा पाक्ने रोग नियन्त्रण एवम् रोकथामको लागि सावधानी अपनाऔँ ।*

**आँखा पाक्ने रोगका लक्षणहरुः**
१. एक्कासी एउटा वा दुईवटै आँखा रातो हुने, आँखामा चिप्रा लाग्ने वा टालिने ।
२. आँखा धेरै चिलाउने, आँखा धमिलो देखिने ।
३. आँखाबाट आँसु बगिरहने, आँखा सुनिने, दुख्ने, बिझाउने ।
४. घाम तथा उज्यालो प्रकाशमा हेर्न गाह्रो हुने ।
५. आँखाको सेतो भाग रातो र रगत चुहिएला जस्तो देखिने ।



**बच्ने उपायहरुः**
१. जथाभावी आँखा नछुने, आँखा छुनै पर्ने भएमा पहिले राम्ररी साबुन पानीले हात धोएर मात्र छुने, पोसिलो खाने कुरा खाने ।
२. दैनिक सफा पानीले आँखा सफा गर्ने, आँखा पाकेमा रोगीसँग दूरी कायम गर्ने ।
३. आँखा पाक्ने रोगीले प्रयोग गरेका रुमाल, तौलियालगायत अन्य सामग्रीको प्रयोग नगर्ने ।
४. सेनिटाइजर नियमित प्रयोग गर्ने, सरसफाइमा ध्यान दिने ।

**आँखा पाक्ने रोग लागेमा के गर्नेः**
१. पटकपटक सफा र चिसो पानीले आँखा सफा गर्ने ।
२. आँखा छोइसकेपछि हरेक पटक साबुन पानी वा सेनिटाइजरले हात सफा गर्ने ।
३. आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
४. कालो चस्मा प्रयोग गर्ने, अन्य निरोगी व्यक्तिसँग टाढा रहने ।
५. आफूले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
६. आफूखुसी आँखामा औषधी प्रयोग नगर्ने, औषधीको प्रयोग गर्नु पर्ने भएमा आँखासम्बन्धी चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह सुझावअनुसार प्रयोग गर्ने ।

मधेशदृष्टि | Tv BIRGUNJ | RADIO Birgunj 99 fm. | 95.5 जनकनन्दिनी FM

**जनहितमा जारी सन्देश**


# भागेका बालसुधार गृहका बन्दी सम्पर्कमा

**युसेप नेपालको व्यवस्थापनमा नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबन्दी छन् । २ सय १० जनाको क्षमता रहे पनि ४३ जना बालिका र २ सय ५७ बालकसहित तीनसय बन्दी रहेका युसेप नेपालका निर्देशक केशव सुवालले जानकारी दिए । बालबालिकालाई मात्रै सुधार गृहमा राख्ने नियम भए पनि १८ वर्ष उमेर नाघेकालाई सरकारले कारागारमा पठाउने व्यवस्था नगर्दा सुधार गृहमा १८ वर्षभन्दा माथि उमेरका समेत छन् ।**



**रासस**
**भक्तपुर ।**
मध्यपुरथिमि नगरपालिका–२ सानोठिमीस्थित बाल सुधार गृहको मुख्य गेट तोडफोड गरी फरार भएका बालबन्दी र प्रहरीबीच झडप हुँदा २२ घाइते भएका छन् । प्रहरीले तीन राउण्ड गोली चलाउँदा दुई बालबन्दीलाई गोली लागेर घाइते भएका छन् । घटनामा नेपाल प्रहरीका प्रहरी निरीक्षकसहित १०, सशस्त्र प्रहरीको आठ घाइते भएको प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जानकारी दिए ।

बन्दीको आक्रमणबाट घाइते प्रहरी निरीक्षक सञ्जिव ओलीको मध्यपुर अस्पतालमा उपचार भइरहेको छ । उनको हात भाँचिनुका साथै शरीरका विभिन्न अङ्गमा चोट लागेको छ । बन्दीतर्फ चार जना घाइते भएका छन् । तीमध्ये दुई जनालाई गोली लागेको छ । गोली लागेकामध्ये गम्भीर घाइतेको वीर अस्पताल ट्रमा सेन्टरमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

घाइतेको भक्तपुरको नागरिक कम्युनिटी अस्पताल, मध्यपुर अस्पताल वीर अस्पताल, त्रिवि शिक्षण अस्पताललगायत उपत्यकाका विभिन्न अस्पतालमा उपचार भइरहेको भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले जानकारी दिए ।

बाल सुधार गृहमा रहेका ४३ केटी र दुई सय ५६ केटा गरी दुई सय ९९ बालबन्दी रहेको सुधार गृहको गेट तोडफोड गरेर दुई सय २१ जना फरार भएका थिए । भक्तपुर र काठमाडौँका विभिन्न ठाउँबाट गरी हाल एक सय ९४ जनालाई प्रहरी नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक केसीले जानकारी दिए । थप २७ जना टेलिफोन सम्पर्कमा आइसकेको उनले जानकारी दिए । सम्पर्कमा आएका पनि रातभरिसम्ममा नियन्त्रणमा आउने दाबी गरे ।

बाल सुधार गृहभित्र प्रशासनले विभेद गरेको भन्दै बन्दीले नाराबाजी गर्दै घरेलु हतियार लिएर बाहिर निस्के पनि सुधार गृहभित्र रहेका ४३ जना बालिका बन्दी र केही पुरुष बन्दी भने बाल सुधार गृहभित्रै बसेका उनले जानकारी दिए । बन्दीले गेट तोडफोड गरेर बाहिर निस्कदै घरेलु हतियार र ढुङ्गा प्रहार गरी प्रहरीमाथि नै आक्रमण गरेपछि स्थिति नियन्त्रणमा लिन बाध्य भएर प्रहरीले तीन राउण्ड गोली चलाउनुपरेको उनले जानकारी दिए । गोली लागेर दुई बन्दी घाइते भएका छन् ।

गेट तोडफोड गरेर बाहिर निस्केको बालबन्दीले सुधार गृहलगायत नजिकैको यूसेप कार्यालयमासमेत तोडफोड गरेका छन् । तोडफोडबाट कति क्षति भयो भन्नेबारेमा यकिन भइनसकेको युसेपका कार्यकारी निर्देशक केशव सुवालले जानकारी दिए ।

सुधार गृहबाट बाहिर निस्कने क्रममा बन्दीले लाठी, भाला, खुकुरी, चक्कुलगायतका घरेलु हतियार लिएर प्रहरीमाथि आक्रमण गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रजिअले जानकारी दिए । सुधार गृहभित्र औषधि, खाना, पानीलगायत विभिन्न कुरामा दैनिक विभेद हुने गरेको भन्दै बाल बन्दीहरु आक्रोसित बनेको एक बालबन्दीले बताए ।

सुधार गृह प्रशासन र प्रहरीमाथि कारबाहीको माग गर्दै घरेलु हतियारसहित उनीहरू विरोधमा उत्रिएका थिए । सुधार गृहमा २ सय ५६ जना बन्दी रहेकामा हाल ३२ जना किशोरी र केही बालक मात्रै बाँकी रहेको प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले जानकारी दिए ।

सुधार गृहमा सजाय भुक्तान गरिरहेका कमल बस्नेतको आइतबार बिहान मृत्यु भएको थियो । सोही विषयमा सुधार गृहको लापरबाहीले बस्नेतको मृत्यु भएको भन्दै आफन्तले सुधार गृह बाहिर नाराबाजी गर्दै प्रदर्शन गरेका थिए ।

बाहिरी उक्साहटमा लागेर उपद्रो नगर्न भन्दै प्रमुख जिल्ला अधिकारी रिजालले छानबिन समितिले सत्यतथ्य बाहिर ल्याउने भएकाले संयमित बन्न र कानुन बाहिर नजान बन्दी र आफन्तजनमा आग्रह गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरले बस्नेतको मृत्यु सम्बन्धमा छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाको संयोजकत्वमा छानविन समिति गठन गरिसकेको छ । समितिलाई सात दिनभित्र सत्यतथ्य छानविन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकिएको छ ।

बस्नेत बिरामी भई उपचारका लागि मध्यपुर थिमि–३, गठ्ठाघरस्थित नागरिक अस्पताल लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको थियो । युसेप नेपालको व्यवस्थापनमा नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबन्दी छन् । २ सय १० जनाको क्षमता रहे पनि ४३ जना बालिका र २ सय ५७ बालकसहित तीनसय बन्दी रहेका युसेप नेपालका निर्देशक केशव सुवालले जानकारी दिए । बालबालिकालाई मात्रै सुधार गृहमा राख्ने नियम भए पनि १८ वर्ष उमेर नाघेकालाई सरकारले कारागारमा पठाउने व्यवस्था नगर्दा सुधार गृहमा १८ वर्षभन्दा माथि उमेरका समेत छन् ।सुधार गृहमै खाने, बस्ने, खेल्ने, पढ्नेलगायतको सुविधा सरकारले दिएको छ । सुधार गृहभित्रै रहेको विद्यालयमा कक्षा १० सम्मको अध्ययन हुने गरेको निर्देशक सुवालले जानकारी दिए ।

# कैदीको हत्यामा प्रहरीसहित १२ लाई मुद्दा

**मधेशदृष्टि**
**संखुवासभा ।**
संखुवासभाको कारागारभित्र दुई कैदीको हत्या प्रकरणमा प्रहरीसहित १२ जनाविरुद्ध कर्तव्य ज्यानमा मुद्दा दर्ता भएको छ ।

कैदीको हत्या प्रकरणमा संलग्न देखिएका प्रहरी, चौकीदार र कैदीसहित १२ जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरेर अनुसन्धान थालिएको हो । कारागारमा रहेको सिसिटिभी फुटेज अध्ययनबाट घटनामा प्रहरी र चौकीदारसहित केही कैदीको संलग्नता देखिएको थियो ।

कैदी मृत्यु प्रकरणमा प्रहरीसहित १२ जनाविरुद्ध कर्तव्य ज्यानमा मुद्दा दर्ता गरेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी नायब उपरीक्षक वीरेन्द्र गोदारले जानकारी दिए । अनुसन्धान टोलीको प्रतिवेदन आएपछि थप कारबाही प्रक्रिया अघि बढ्ने गोदारले बताए ।

घटनालगत्तै गृह मन्त्रालयले कारागार विभागका निर्देशक कमलप्रसाद पाण्डेको नेतृत्वमा पाँच सदस्यीय छानबिन टोली बनाएको थियो । मन्त्रालयले छानबिन टोलीलाई १० दिनभित्र कारागार घटनाको प्रतिवेदन बुझाउन निर्देशन दिएको थियो ।

कैदी मृत्यु प्रकरण प्रत्यक्ष संलग्न देखिएका पाँच प्रहरीलाई विभागीय कारबाहीका लागि सिफारिस गरिएको छ । कारागार सुरक्षा इन्चार्ज प्रहरी सहायक निरीक्षक (असई) लक्ष्मी चौधरीमाथि जिल्ला अदालतबाट भदौ १ गते शुक्रबार दोस्रोपटक पुनः म्याद थप गरेर अनुसन्धान भइरहेको छ । असई चौधरीसहित ११ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दामा दर्ता गरेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पीडितले दिएको किटानी जाहेरीका आधारमा सहायक निरीक्षक चौधरीसहित कारागार निमित्त प्रमुख राजेन्द्र घिमिरेविरुद्ध जिल्ला अदालतले साउन २८ गते पक्राउका लागि अनुमति दिएको थियो । कारागार निमित्त प्रमुख घिमिरेलाई भने हालसम्म पक्राउ गरिएको छैन ।

कुटपिटबाट संखुवासभा मादी नगरपालिका–५ का २० वर्षीय विनोद तोलांगी र नुवाकोटको ककनी गाउँपालिका–७ का २८ वर्षीय आकाश बलामीको बुधबार बिहान मृत्यु भएको थियो । पच्चीस जनाको क्षमता रहेको कारागारमा एक सय ३६ जना कैदीबन्दी छन् ।

# मुग्लिन सडक फेरि अवरुद्ध

**मधेशदृष्टि**
**चितवन ।**
मुग्लिङ नारायणगढ सडकखण्डको कालिखोला नजिक पहिरो खसेर सडक अवरुद्ध भएको छ । सोमबार राति करिब ८:१५ बजे कालिखोला नजिकको सिंगै डाँडा सडकमा खसेको र करिब ५० मिटर सडक पुरिएकाले सवारी सुचारु हुन कम्तीमा पनि १५ घण्टा भन्दा धेरै समय लाग्ने अनुमान गरिएको छ ।

सडकको लामो भागमा पहिरो खसेको हुँदा सवारी साधनसमेत पुरिएको हुनसक्ने आशंका गरिएको छ । अहिले दुवैतर्फबाट पहिरो सफा गर्न स्काभेटर तयारी अवस्थामा राखिए पनि रातिको समय र माथिबाट ढुंगा खसिरहेका कारण काम सुरु भएको छैन ।

# दुधमतीबाट जल भरेर कावरियाको टोली नागेश्वर बाबाको लागि प्रस्थान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नागपञ्चमीको दिन जनकपुरधामको दुधमती नदीबाट जल भरेर दजनौं कावरियाको टोली बोलबमको नारा लगाउदै नागेश्वर महादेवस्थानका लागि प्रस्थान गरेको छ । भारतको सीतामढी जिल्लाको परिहार प्रखण्डमा रहेको नागेश्वर महादेव स्थानमा जल अपर्ण गर्नका लागि कावरियाको टोलि प्रस्थान गरेको हो । सीतामढी जिल्लाका एक कावरियाका अनुसार तीन वर्ष देखि जनकपुरधामको दुधमती नदीबाट जल भरेर नागेश्वर महादेव भगवानलाई जल अर्पित गर्नाले मानिसले सोचेका फल प्राप्ती हुने किन्वदन्ती रहेको छ । जनकपुरधामबाट नागेश्वर महादेवस्थानको दुरी करिव पचास किलोमिटर रहेको छ ।

# संसद अवरोध गरेर............

साउदले भारत, चीन लगायतका मित्रराष्ट्रसँगको आपसी सम्बन्धलाई थप मजबुत र सुदृढ बनाउँदै सरकार अगाडि बढिरहेको दाबी गरे । उनले सरकारको अहिलेको प्रमुख चुनौति भनेको छिमेकी मुलुकलाई साथमा लिएर अर्थतन्त्रलाई मजबुत बनाउने रहेको बताए ।

उनले गाउँपालिकाको प्रमुख प्रशासकीय भवनलाई गुणस्तरीयरुपमा निर्माण गरेसँगै यसले पालिकाको विकास र समृद्धिलाई व्यवस्थितरुपमा अगाडि बढाउने अपेक्षा आफूले लिएको बताए ।

प्रसाशनिक भवनका लागि स्थानीय मनोज चौधरीले ३ कठ्ठा १२ धुर जग्गा दान गरेका हुन् ।

गाउँपालिका अध्यक्ष दिनेश चौधरीले भवन निर्माणका लागि ६ करोड ८ लाख ८ हजार ४३ रुपैयाँ खर्च हुने र तीन तले भवन निर्माण हुने बताए । दुई वर्षभित्र काम सम्पन्न गरिने अध्यक्ष चौधरीले बताए । उनले तीन महिनाभित्र एमबिबिएस डाक्टरसहित दस शैयाको अस्पताल उद्घाटन गरिने बताए । हुलाकी राजमार्गबाट भाथाधाम जाने बाटो निर्माण हुने र एक करोड रुपैयाँसमेत आइसकेको र यो योजना बहुवर्षीय योजना रहेकाले सडक, बाटोबाट भाथाधाममा पर्यटन प्रवद्र्धनमा सहयोग पुग्ने बताए । उनले यही आर्थिक वर्षमा तिलगंगा अस्पतालको शाखाका लागि भवन निर्माण गरिने, कृषि बजारको सेड निर्माण गरिने बताए । शिलान्यास कार्यक्रममा जग्गादाता मनोज चौधरीलाई दोसल्ला ओढाएर कदरपत्रबाट सम्मानित गरिएको थियो ।

कार्यक्रममा नेपाली कांग्रेस पर्साका सभापति एवम् प्रदेश सभा सदस्य जनार्दन सिंह क्षेत्री, नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, श्याम पोखरेल, शम्भु चौहान, ललन द्विवेदी, महिला संघ पर्साकी अध्यक्ष किरण शर्मा, गाउँपालिकाकी उपाध्यक्ष ममता महतो थारु, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादवलगायतको सहभागिता थियो ।

# स्वास्थ्य मन्त्रालयले माग्यो विवरण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मातहतका अस्पताल तथा तालिम केन्द्रहरुसँग कर्मचचारीको विवरण माग गरेको छ ।
लोकसेवा आयोगबाट स्वीकृत बार्षिक तालिका अनुसार रिक्त पदहरुको पदपुर्ति गर्ने उदेश्यले मन्त्रालयले तीन दिनभित्र पेश गर्ने गरी नवौँ र एघारौँ तहका कर्मचारीको विवरण माग गरेको हो ।
मन्त्रालयले स्वास्थ्य सेवा विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, औषधी व्यवस्था विभाग, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, वीर अस्पताल, वीर अस्पताल नर्सिङ्ग क्याम्पस, राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्र, स्वास्थ्य तालिम केन्द्र, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, राष्ट्रिय एड्स तथा यौन रोग निवारण केन्द्र र शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालसँग कर्मचारीको विवरण माग गरेको छ ।
त्यस्तै, नारायणी अस्पताल वीरगंज, भरतपुर अस्पताल चितवन, मानसिक अस्पताल ललितपुर, भेरी अस्पताल नेपालगंज, कोशी अस्पताल विराटनगर, डडेलधुरा अस्पताल डडेलधुरा, आयुर्वेद चिकित्सालय नरदेवी, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल थापाथली, कान्ती बाल अस्पताल महाराजगंज, किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौँडा, राष्ट्रिय औषधी प्रयोगशाला बिजुलीबजार, गजेन्द्र नारायण सिंह अस्पताल राजविराज र पशुपति होमियोप्याथिक चिकित्सालय ललितपुरसँग विवरण माग गरेको हो ।

# राष्ट्रिय खेलकुद परिषद् र ब्लुक्रस हस्पिटलबीच सम्झौता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मित्रराष्ट्र चीनको हाङझावमा सेप्टेम्बर २३ देखि अक्टोबर ८ तारिखसम्म हुने १९ औं एसियाली खेलकुदमा सहभागी हुने नेपाली टोलीको उपचारका लागि स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धमा राष्ट्रिय खेलकुद परिषद् र ब्लुक्रस हस्पिटल प्रा.लि. बीच सम्झौता भएको छ ।
तालिम तथा प्रशिक्षण विभागका प्रमुख एवं १९ औं एसियाली खेलकुद तयारी समितिका सचिव प्रचण्ड शर्मा र ब्लु क्रसकी वित्तिय तथा प्रशासनिक निर्देशक सतिदेवी गौतम सिंहले सोसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरे ।
ब्लु क्रस हस्पिटलले सहुलियत दरमा एसियाड टोलीलाई उपचार सेवा उपलब्ध गराउने छ।
सम्झौता २०२३ नोभेम्बर ८ तारिखसम्म कायम रहने छ ।
कार्यक्रममा प्रशासन विभागका प्रमुख प्रेमबहादुर मल्ल, खेलकुद चिकित्सा तथा अनुसन्धान केन्द्रका प्रमुख दोबे तामाङ, ब्लु क्रसका श्रीप्रसाद तिवारी र सन्ध्या केसीलगायतको उपस्थिति रहेको थियो ।

# साहारा फिजियोथेरापीद्वारा ट्रमा सेन्टरलाई अर्थोसिस सामाग्री हस्तान्तरण



साहारा फिजीयोथेरापी अस्पताल एण्ड ट्रेनिङ सेन्टरले आफ्ना बिमारीका लागि उत्पादन गरेका अर्थोसिसका सामानहरु राष्ट्रिय ट्रमा सेन्टरलाई हस्तान्तरण गरेको छ।
ट्रमा सेन्टरमा उपचाररत गरीब तथा असहाय बिमारीहरुलाई निःशुल्क उपलब्ध गराउने गरी तीन लाख ४२ हजार २५० मुल्य बराबरका सामाग्रीहरु हस्तान्तरण गरिएको छ । उक्त सामाग्री ग्रहण गर्दै ट्रमा सेन्टरका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. बद्री रिजालले ती सामाग्रीहरु गरीब तथा असहाय बिमारीहरुलाई निःशुल्क उपलब्ध गराइने जानकारी दिए। उक्त सामाग्रीबाट बिरामीहरुलाई उपचार प्रक्रियामा सहज हुने उनले बताए।

# ‘पैसाको अभावमा उपचारबिना फर्किनुपर्दैन’

**टिकाराम सुनार/निरञ्जनकुमार साह**
**जनकपुरधाम ।**

- *अस्पताल स्थापना भएयता ४१ वर्षमा २१ लाख ६२ हजार चार सय २९ नागरिक बहिरङ्ग (ओपिडी) सेवाबाट लाभान्वित भएको र दुई लाख दुई हजार २२ जनाले शल्यक्रिया सेवा लिएको अस्पतालको तथ्याङ्क छ ।*
- *अस्पतालले विशेष गरी धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र छिमेकी जिल्लाका साथै सीमावर्ती भारतीय नागरिकलाई पनि सेवा दिइरहेको छ । करिब तीसदेखि चालिस प्रतिशत भारतीय नागरिक उपचारका लागि यहाँ आउने गरेको अस्पतालको तथ्याङ्क छ ।*
- *ठूलो सङ्ख्यामा भारतीय नागरिक पनि उपचारका लागि आउने भएकाले भारतीय पक्षबाट पनि आवश्यक सहयोगका लागि सहजीकरण गर्नुका साथै सङ्घ, प्रदेश र स्थानीय तहले पनि सेवा विस्तारका लागि सहयोग गर्न जरुरी रहेको अस्पताल विकास समितिको निष्कर्ष छ ।*

जानकी आँखा अस्पतालले मधेश प्रदेशमा मात्र नभई सीमावर्ती भारतीय नागरिकलाई समेत आफ्नो सेवा पु¥याएको छ ।

यसरी धेरैले सम्झिनलायक आँखा अस्पताल बनाउनमा वरिष्ठ समाजसेवी नरेशप्रसाद सिंहको योगदान अथक रहेको छ । उनी विगत ४१ वर्षदेखि अस्पताल भौतिक पूर्वाधारलगायत अन्य क्षेत्रको श्रीवृद्धिमा अनवरत मिहिनतका साथ लागिरहेका छन् ।

नेपाल रेडक्रस सोसाइटी धनुषा र जानकी आँखा अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका समाजसेवी सिंहले भने, ‘सन् १९८२ मा भिन्न परिवेशमा यो अस्पताल स्थापना भयो । अस्पतालले यो स्तरमा आफ्नो पहिचान बनाउने कुरा धेरैले कल्पना गरेका थिएनन् । तत्कालीन समयमा जनकपुर क्षेत्रमा अन्धोपन निवारण र आँखाका बिरामीका लागि केही सहयोग गर्ने उद्देश्यले आँखा शिविरलाई संस्थागत स्वरुप दिन उपचार केन्द्रका रुपमा सेवा सञ्चालन गरिएको थियो ।’

जानकारका अनुसार सन् १९५९ देखि वर्षको एकपटक आँखा शिविर सञ्चालन गरी समस्या समाधान गर्ने ध्येयले जनकपुरमा सुरु भएको अभियानले संस्थागत उपचार सेवा÷केन्द्रको स्वरुप ग्रहण गर्न करिब २० वर्ष लागेको थियो ।

विसं २०३८ चैत १७ गते प्रतिष्ठित समाजसेवी मकेश्वरप्रसाद सिंह नेतृत्वमा गठित समितिको सोच, योजना र पहलकदमीबाट सुरुआत भएको यो अस्पतालले कालान्तरमा गुणस्तरीय सेवाप्रवाह र आँखा स्वास्थ्यबारे गाउँगाउँमा फैलाएको चेतनाका कारण जनविश्वास आर्जन गरेको उनीहरूको बुझाइ छ ।

‘तत्कालीन समयमा आँखा स्वास्थ्य समस्याअर्थात् अन्धोपन निवारणका लागि नेपालका अरु भूभागमा जस्तै जनकपुरमा पनि आँखा शिविरलाई बृहत्स्वरुप दिई त्यसैलाई संस्थागत गरिएको हो,’ अध्यक्ष सिंहले भने, ‘स्थानीय समाजसेवीको पहलकदमीमा रेडक्रसले पनि सहयोग एवम् साझेदारी गरेपछि जानकी आँखा उपचार केन्द्रको संस्थागत विकास भएको देखिन्छ ।’

अस्पतालका निर्देशक डा. आशिष बोहराले पनि वर्षमा एउटा शिविर सञ्चालन गर्नसमेत दाताबाट चन्दा सङ्कलन गर्नुपर्ने बाध्यताबाट मुक्तिका लागि अस्पतालको स्थापना भएको र त्यसमा यहाँका थुप्रै अग्रज तथा सरोकारवालाको योगदान स्मरणीय रहेको बताए । उनले केही रकम तिर्नसक्ने बिरामीबाट न्यूनतम शुल्क लिएर बाँकी बिरामीकै लागि खर्च गर्ने सिद्धान्तअनुसार आज पर्यन्त सेवा प्रवाह भइरहेको जानकारी दिए ।

तत्कालीन समयमा सामाजिक सेवामा समर्पित अगुवा मकेश्वरप्रसाद सिंह, बौएलाल साह, मेघप्रसाद उपाध्याय, जयवल्लभ दास, मदन गिरी, सर्वोच्च अदालतका पूर्वन्यायाधीश राम नगिना सिंह, वरिष्ठ अधिवक्ता रामजीप्रसाद मैनालीलगायतको विशेष योगदानका कारण यो पवित्र कार्यले मूर्तरुप लिएको निर्देशक डा बोहराको भनाइ छ ।

अस्पताल प्रशासन शाखा प्रमुख दीपेन्द्रकुमार सिंहले दिएको जानकारीअनुसार सुरुमा जनकपुरको पुरानो बसपार्क नजिक समाजसेवी लक्ष्मणप्रसाद साहले दिनुभएको दुई कठ्ठा जमिन र तीन कोठे कच्ची घरबाट आँखा उपचार सेवा सुरु भएको थियो । पछि जनकपुरधाम–८, रामानन्द चोक (हाल अस्पताल रहेको स्थान) नजिकै गुठी संस्थानबाट प्राप्त एक बिघा, १३ कठ्ठा, नौ धुर र केन्द्रले खरिद गरेको चार कठ्ठा जमिनमा रहेको संरचनाबाट अस्पतालले सेवा विस्तार ग¥यो । सन् १९९१ मा स्वीस् रेडक्रसको आर्थिक तथा प्राविधिक सहयोगपछि २५ शैयाको अस्पतालमा रुपान्तरित भएकोमा हाल एक सय शैया क्षमतामा सेवा प्रवाह भइरहेको उनले बताए ।




‘आँखा शिविरबाट आँखा उपचार केन्द्रमा रुपान्तरण भई सेवा सुरु गरेको अस्पताल हाल एकसय शैयामा सञ्चालित छ । अहिलेकै संरचना र शैयाले बिरामीको चाप धान्न मुस्किल भइरहेको छ,’ उनले भने, ‘आर्थिकरुपमा कमजोर, विपन्न नागरिकले पैसाकै अभावमा उपचारबिना फर्केर जानुनपर्ने अवस्था सुनिश्चित गरिएको छ । यसमा सरकारको पनि केही सहयोग रहेमा सेवामा थप प्रभावकारिता ल्याई नागरिकको माग सम्बोधन र बिरामीको चापलाई धान्न सकिन्छ ।’

**एक्काइस लाखभन्दा बढी लाभान्वित**

अस्पताल स्थापना भएयता ४१ वर्षमा २१ लाख ६२ हजार चार सय २९ नागरिक बहिरङ्ग (ओपिडी) सेवाबाट लाभान्वित भएको र दुई लाख दुई हजार २२ जनाले शल्यक्रिया सेवा लिएको अस्पतालको तथ्याङ्क छ ।

‘शिविरबाट कति जना लाभान्वित भए भनेर यकिन तथ्याङ्क छैन तर अस्पतालको ओपिडी सेवा लिनेको सङ्ख्या हालसम्म २१ लाख ६२ हजारभन्दा बढी छ,’ अस्पताल निर्देशक डा. बोहरा भन्छन्, ‘सीमित स्रोतसाधन, दक्ष जनशक्तिको अभाव र अन्य समस्याका बाबजुद अस्पतालले दृष्टिविहीनमा दृष्टि र आम नागरिकमा खुसी फर्काउन एकसाथ काम गरिरहेको छ ।’

समितिका अध्यक्ष सिंहले जनकपुरमा सरकारी अस्पतालमा आँखा विभाग र अरु सात अस्पताल सञ्चालनमा रहे पनि धेरै नागरिकले सर्वसुलभ र गुणस्तरीय सेवा दिएकै कारण अस्पतालप्रतिको आकर्षण निरन्तर बढिरहेको बताए ।

आँखा उपचारबाहेक बर्सेनि यस क्षेत्रका एकसय विद्यालयमा आँखा स्वास्थ्यबारे सचेतना, एकसय स्वास्थ्य स्वयंसेविकालाई प्राथमिक आँखा उपचारबारे जानकारी दिनुका साथै विगत सात वर्षदेखि करिब चार सय धामीझाँक्रीलाई शिक्षा दिने काम पनि भएको विवरण छ ।

अस्पतालले तीन तरिकाबाट नागरिकलाई सेवा दिइरहेको छ । मुख्य अस्पताल जनकपुरबाट दैनिक शल्यक्रिया, अन्तरङ्ग, बहिरङ्ग, आकस्मिक सेवा, छ वटा शाखाका रुपमा रहेका मातहतका सामुदायिक आँखा उपचार केन्द्र (महोत्तरीको गौशाला, धबौली, धनुषाको यदुकुवा, सबैला, सर्लाहीको लालबन्दी र सिन्धुलीको सिन्धुलीगढी) बाट समेत थप सेवा प्रवाह भइरहेको छ । तीमध्ये सिन्धुली, लालबन्दी, यदुकुवा र धबौलीलाई शल्यक्रिया केन्द्रको रुपमा समेत विकास गरिएको छ ।

त्यसैगरी सामान्यतः प्रतिवर्ष एकसय आँखा शिविर सञ्चालन गरी आँखा उपचार तथा शल्यक्रियाको काम भइरहेको अस्पतालका सूचना अधिकारी एवम् बाह्य कार्यक्रम इञ्चार्ज रुदलप्रसाद साहले जानकारी दिए । यसरी सञ्चालन हुने शिविरबाट पहिचान भएका समस्याका आधारमा तत्काल र पछि जनकपुर अस्पताल ल्याएर शल्यक्रियालगायतका सेवा निःशुल्क प्रदान गर्ने गरिएको सिंहले बताए ।

‘यो अस्पतालको सुरुवात नै शिविरबाट भएको हो । त्यसलाई निरन्तरता दिइरहेका छौँ । जसबाट जनकपुर र अन्य ठाउँमा गई उपचार गर्न नसक्ने ग्रामीण क्षेत्रका लाखौँ नागरिक लाभान्वित भएका छन्,’ उनले भने ।

**स्रोत अभावले विशिष्टकृत सेवा विस्तारमा समस्या**

यस अस्पतालले विशेष गरी धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र छिमेकी जिल्लाका साथै सीमावर्ती भारतीय नागरिकलाई पनि सेवा दिइरहेको छ । करिब तीसदेखि चालिस प्रतिशत भारतीय नागरिक उपचारका लागि यहाँ आउने गरेको अस्पतालको तथ्याङ्क छ ।

अस्पतालबाट सामान्य अवस्थामा दैनिक करिब सात सय र असामान्य अवस्थामा करिब १२ सयजति बिरामीले बहिरङ्ग सेवा लिने गरेको तर त्यसलाई धान्न भौतिक पूर्वाधार र दक्ष जनशक्तिको अभाव रहेको विकास समितिका अध्यक्ष सिंहको भनाइ छ ।

‘नेपालीहरू टाउको दुखे पनि दरभङ्गालगायत भारतीय अस्पतालमा जाने परिपाटी छ तर आँखा उपचारका लागि भने भारतबाट धेरै मान्छे उपचारका लागि यहाँ आउँछन्, यो हाम्रो लागि गौरवको विषय हो । यदि अस्पताललाई थप व्यवस्थित, सुविधासम्पन्न बनाउनसक्ने हो भने अझ धेरै काम गर्न सकिन्छ तर हाम्रो मात्रै स्रोतले धेरै काम गर्ने अवस्था छैन,’ सिंहले रासससँग भने ।

उनका अनुसार स्वीस् रेडक्रसको सहयोगमा धेरै पहिले बनेका बहिरंग विभाग तथा प्रशासनिक भवनबाट सेवाप्रवाह भइरहेको छ । त्यसबाहेक बिरामी तथा कुरुवालाई राख्ने पर्याप्त संरचना छैन । डाक्टरलाई आवासीय भवन छैन ।

प्रशासन शाखाले दिएको विवरणमा अस्पतालमा हाल ५५ जना कर्मचारी कार्यरत छन् । डा बोहराले नेतृत्व गरिरहेको अस्पतालमा डा. अमित यादव र डा. रञ्जना ठाकुर गरी तीन जना मात्रै डाक्टर छन् । दक्ष जनशक्ति र अन्य उपकरणको अभावमा ४१ वर्ष इतिहास भएको अस्पतालमा मोतिविन्दुबाहेक अन्य रोगको शल्यक्रिया सेवा विस्तार गर्न सकिएको छैन ।



‘सेवा उपलब्ध गराउन भौतिक पूर्वाधार, प्रविधि र दक्ष जनशक्तिको अभाव छ । सुरुमा वार्षिक २५ सयलाई सेवादिने यस अस्पतालले हाल एक लाख २५ हजारलाई सेवा दिन्छ । ‘सुरुदेखि नै हामीले मोतिबिन्दुको मात्रै शल्यक्रिया गरिरहेका छौँ । बाँकी बिरामीलाई विराटनगर र काठमाडौं रेफर गर्नुपर्ने बाध्यता छ । त्यसकारण छिट्टै नै थप सेवा विस्तार गर्नुपर्ने आवश्यकता छ,’ डा. बोहराले भने ।

ठूलो सङ्ख्यामा भारतीय नागरिक पनि उपचारका लागि आउने भएकाले भारतीय पक्षबाट पनि आवश्यक सहयोगका लागि सहजीकरण गर्नुका साथै सङ्घ, प्रदेश र स्थानीय तहले पनि सेवा विस्तारका लागि सहयोग गर्न जरुरी रहेको अस्पताल विकास समितिका अध्यक्ष सिंहको निष्कर्ष छ ।

प्रशासन प्रमुख सिंह पनि आँखाजस्तो संवेदनशील अङ्गको बारेमा अब तीनै तहका सरकार संवेदनशील हुनपर्ने अन्यथा दाताको भरमा चल्नुपर्ने संस्था जतिसुकै बेला समस्यामा पर्नसक्नेतर्फ सरोकारवालाको ध्यानाकर्षण गराउँछन् ।

आवश्यक सहयोग प्राप्त भएमा मोतिविन्दु र मासु पलाएको सामान्य शल्यक्रियामा सीमित रहेको अस्पतालबाट विशिष्टीकृत सेवा दिन टेवा पुग्ने र यसले यस क्षेत्रका बिरामीलाई अन्यत्र रेफर गरी महँगो उपचार गर्नुपर्ने बाध्यताबाट समेत मुक्ति दिन सघाउने निर्देशक डा. बोहराको विश्वास छ । उनी भन्छन्, ‘विभिन्न समस्याका बाबजुत आँखा उपचारको भरपर्दो माध्यमका रुपमा अस्पताल परिचित छ । दाताबाहेक यसको थप विकास र विस्तारका लागि तीनै तहका सरकारबाट आवश्यक सहयोग र साझेदारी भएमा विशिष्टकृत सेवासहित यस क्षेत्रकै ‘रेफरल’ आँखा उपचार केन्द्र बनाउन सकिन्छ ।’

खुशी त्यही व्यक्तिलाई प्राप्त हुन्छ, जो अरुको खुशी देख्न चाहन्छ । –अज्ञात

## सम्पादकीय

# स्वदेशी उत्पादनमा आत्मनिर्भर बनौँ

भारतले प्याजको निर्यातमा ४० प्रतिशत कर लगाउने निर्णय गरे लगत्तै नेपाली बजारमा त्यसको प्रभाव देखिएको छ । भारतले प्याजको निर्यातमा भन्सार बढाएको भोलिपल्टै नेपाली बजारमा प्याजमा कालो बजारी र चर्को मूल्यवृद्धि भएको देखिएको छ । व्यापारीले यसअघि नै आयात भइसकेको प्याजको मूल्य बढाएका छन् । भारतले गएको शनिवार निर्यातमा ४० प्रतिशत कर लगाउने निर्णय गरेको थियो । नेपाली बजारमा खुद्रा पसलमा प्याज किलोको ५० देखि ६० रुपैयाँमा पाइन्थ्यो भने सोमबार मूल्य आकाशिएर किलोको एक सय रुपैयाँसम्म पुगिसकेको छ । व्यापारीले मौकाको फाइदा उठाउँदै पहिल्यै आयात भएको प्याजको मूल्य समेत बढाएर कालोबजारी गरेका छन् । आगामी डिसेम्बर ३१ सम्म यस्तो कर लाग्नेछ । यसअघि भारतले बासमतीबाहेकका चामल निर्यातमा बन्देज लगाएपछि चामलमा पनि कालोबजारी बढेको थियो ।

यो नेपालीहरुका लागि कुनै नौलो विषय पनि होइन् । भारतले निर्यातमा बढी कर लगाउनु वा भारतीय बजारमा सामानको भाउ महंगो मात्र हुनु पर्छ नेपाली व्यवापरीहरुले पहिलैदेखि राखिराखेका सामानलाई कालोबजारी गर्न कुदिहाल्छन् । मानौँ उनीहरु नेपाली उपभोक्तालाई लुट्न कुरेर बसेका छन् ।

कर बढाउनु अगावै नेपाल भित्रिसकेको र मौज्दात रहेको प्याजमा चर्को मूल्यवृद्धि भएपछि वाणिज्य विभागले अनुगमन थालेको छ । अनुगमनपछि केही व्यापारी कारबाहीमा पनि परेका छन् । कुनै पनि वस्तु सामानको मूल्य निर्धारण गर्ने निकाय छ । तर, सम्बन्धित निकायको निर्णय अगावै व्यापारीहरुले मनपरी मूल्य निर्धारण गरेर विक्री गरेपछि आम उपभोक्ता महंगीको मारमा परेका छन् ।

फरक फरक मूल्य राखेर भ्याटबिल बनाउने तथा आयातकर्ता व्यापारीले अरु खुद्रा व्यापारीलाई विभिन्न मूल्यमा बिक्री गर्ने गरेको पाइन्छ ।

नेपाली बजार भारतसँग निर्भर छ । प्याजलगायत तरकारी नेपालमै प्रशस्त उत्पादन हुने भए पनि बजार नपाउँदा खेती घट्दै गएको छ । प्याजमा आत्मनिर्भर हुन भन्दै केही वर्ष पहिले सरकारले प्याज मिसन कार्यक्रम ल्याएको थियो । तर, त्यो प्रभावकारी हुन सकेन । प्याजलगायत तरकारीले बजार नपाउने गरेको किसानले गुनासो गर्दै आएका छन् । तर, किसानको गुनासो सम्बोधन गर्ने निकाय महंगी बढेको जनगुनासो आउन थालेपछि केही दिन सक्रिय हुन्छ त्यसपछि समस्या ज्यूँका त्यूँ ।

सिजनको समयमा भारतबाट सस्तोमा आयात हुँदा स्वदेशी उत्पादन खेर जान्छ । अहिलेको जस्तै अफसिजनमा आयात रोकिँदा नेपालमा महँगो हुन्छ । यस्तो अवस्थामा बारम्बार आइरहन्छ । आज प्याज महंगो भएको छ भोली गोलभेडा महंगो हुन्छ, पर्सी चालम महंगो हुन्छ । नेपाली उत्पादनलाई एक त बजार छैन । अर्को उत्पादनलाई राखिराख्न चिस्यान केन्द्र छैन । ठूला ठूला व्यापारीको सिन्डिकेटमा नेपालको तरकारी बजार चलेको छ । स्वदेश उत्पादनलाई बजार छैन । यहाँका वस्तु खेर गइरहेका हुन्छन्, सडकमा फाल्नु पर्ने अवस्था छ । तर, नेपालीहरुले विषादीयुक्त आयातित तरकारी खान बाध्य छन् । दुध, माछा, अण्डा, प्याज, गोलभेँडालगायत तरकारीमा आत्मनिर्भर हुन प्रशस्त सम्भावना छ । तर, स्वदेशी उत्पादनमा आत्मनिर्भर हुन किसानलाई कुनै प्रकारको प्रोत्साहन छैन । किसानलाई आश्वासन मात्र दिएर हुन्छ, सरकार ?

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# बिश्वेश्वर प्रसाद कोइराला: गणतन्त्रवादी, राष्ट्रवादी चिन्तक र सिद्धहस्त लेखक



नागेन्द्र मण्डल



विश्वेश्वर प्रसाद कोइरालको जन्म १९७१ साल भदौ १४ गते । २००३ साल कार्तिक १५ गते वीपी कोइरालको नेतृत्वमा बनारसमा अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस नामाकरण भएको संस्था गठन भयो,२००३ साल माघ १२ गते वीपी कोइरालाको सभापतित्वमा नेपाली राष्ट्रिय कांग्रेस नामाकरण गरियो तर वीपीले उदारता देखाई टंक प्रसाद आर्चायको नाम समर्थन गर्नुभयो,कलकतामा २००६ साल चैत २७ गते नेपाली कांग्रेस नामकरण गरियो । सन् १९५० जनवरी र अगस्तमा रंगुन(याँगुना) गइ वर्माका समाजवादी पार्टीका नेताहरुसंग भेट गरी जनक्रान्तिलाई हतियार दिएर सहयोग गर्न तयारी तथा कश्मिर का मुख्यमन्त्री र आजाद हिन्द फौजमा काम गरेका नेपाली सैनिकहरुलाई संगठीत गरी २००७ कार्तिक २६ गते जनक्रान्ति सुरु गरियो । उहाँ विराटनगर मोर्चामा अग्रपंक्तिमा रहनुभयो । राणा प्रधानमन्त्री मोहन शमशेरले वीपीलाई प्रधानमन्त्री हुन राणा कुलमा जन्म लिनुपर्छ र पुर्पुरोमा लेखेर ल्याउनुपर्छको जवाफमा वीपीले अब लोकतान्त्रबाट चुनेर जनताका छोरा प्रधानमन्त्री हुनेछ भन्नुभएको थियो । २००७ सालको सशस्त्र क्रान्तिद्वारा सम्पूर्ण समस्या समाधानको अचुक साधको बलियो पाईलाको प्रथम चाल भनी क्रान्ति भयो,राणाशासनको अन्त र आधुनिक युगमा नेपालको प्रवेश पछि वीपीले सबै साथीसंग छलफल,विचार विमर्श गरी नेपाललाई समाजवादी सिद्धान्त र उदेश्यको बाटोबाट सोच भै २०१२ सालको नेपाली कांग्रेसको अधिवेशनमा छलफलपछि सर्वसम्मतीले पारित भयो । २०१४ सालमा स्वतन्त्रको नेतृत्वमा सरकार बनाई आमचुनावमा जाने प्रस्तावको वीपीले लोकतन्त्र र दलीय पद्धती प्रतिको बलियो प्रतिवद्धता हुने सोच रहेको थियो । २०१५ सालमा संविधान बनाउन आएका लर्ड आइभरी जेनिगले भनेका थिए –‘वीपीमा भएको इन्टरलेक्चुअल डेटथ अरुमा नरहेको छ ।’२०१५ सालको आमनिर्वाचनमा दुई तिहाई बहुमतलाई नेपाली कांग्रेसको सरकारको नेतृत्व गरी वीपीले जातीय,बर्गिय,धार्मिक,आर्थिक र राजनीतिक तथा समाजिक भेदभाव र भिन्नता अन्त्य गरी समता,एकता र स्वतन्त्रताको शक्ति र सम्पतिको विकास र सन्ुतलित वितरणको अभाव र दवावमुक्त समाजवादी समाज उन्मुख देश र समाजलाई बढाउने क्रान्तिकारी नीति कार्यक्रम अगाडी सारनुभयो,केही कार्यान्वयन पनि भइसकेका थिए,मन्त्री परिषदको पहिलो बैठकमा तत्काल कामयम रहेको प्रधानमन्त्री र मन्त्रीहरुको तलब कम गरी काम सुरु भयो ,विपक्षीको अभावमा संसदीय व्यवस्था फस्टाउन सक्दैन मान्यता राख्दै विपक्षीलाई उच्च मर्यादा दिनुभो,विती राजरजोैटा उन्मुलन,भुमिसुधार,धनीलाई बढी कर लगाउने आदि साहसी कदमहरु संचालन गर्नुभयो,जुन विकासले ग्रामीण जनतालाई पछाडि छोडिदिन्छ त्यो विकास होइन,योजना बनाउदा हलो जोतिरहेका किसानको तस्विर हेरेर बनाउनु,कोही पनि भाका नांगा र ओषधि उपचार नपाएर नमरुन भने सोच राखी समाजवादी चिन्तन राख्नुभयो । २०१७ बैशाखमा चीन जाँदा सागरमाथा नेपालकै हो मा दृढतापूर्वक प्रस्तुत गर्नुभयो । उहाँको सोच थियो,‘समाजवादको नाममा हामी प्रजातन्त्रको हत्या गर्न दिदैनौ ।’प्रजातान्त्रको नाममा हामी शोषण स्विर्कादैनौ । लोकतन्त्रको केन्द्रमा आममान्छे हुनुपर्छ,बलजफती फौजी शाषन होइन,स्वशाषित र स्वसचेत उन्नत समाज हाम्रो आर्दश बन्नुपर्छ । लोकतन्त्र विनाको राष्ट्रियताले निरंकुशता र अधिनायकवादको पक्षपोष्ण गर्छ भने राष्ट्रियता विनाको लोकतन्त्र पराभिमुखी हुनुपर्छ ।वीपी र राजा महेन्द्र वीच शक्तिको लडाई सुरु भयो,फलस्वरुप पंचायती व्यवस्था आयो । २०१७ पछि सशस्त्र आन्दोलनका पक्षमा वीपी थिए । २०३३ सालमा काठमाडौं आउँदा उहाँको सोच थियो –‘अव पनि राज र जनतावीच द्धन्द चर्कियो भने मुलकमा तेस्रो शक्ति(विदेशी शक्ति) हावी हुने र राष्ट्र संकटमा पर्नेछ,अब राज्यशक्ति(राजा) र जनता विचमेल हुनु आवश्यक छ ,राष्ट्रियता जोगाएर राष्ट्र बनाउने यो एक मात्र प्रजातान्त्रिक राजनीतिक उपाय हो ।’राष्ट्रिय एकता र मेलमिलाप नीति एउटा ठुलो राष्ट्रवादी नेताले आफनो जीवनभन्दा राष्ट्रिय जीवन महत्वपूर्ण हुन्न भन्ने निष्कर्षमा मृतयुदंड बेर्होने पनि तत्पर भएर अतुलनीय साहस र अगाध देशभक्तिको उदाहरण पेश गर्नुभयो । २०३३ पुस १६ गते सम्भावीत फाँसीको सजायलाई लोकतान्त्रिक लडाईको प्रसाद स्वरुप ग्रहण गर्ने सोच राखी स्वदेश फर्किनुभयो । पुनः थुनामा विशेष अदालतका मुद्दाहरुको सुनवाई सुरु,२०३४ वैशाख १७ गते वीपीले विशेष अदालतमा आफूलाई कस्तो सजाय हुन्छ,त्यस्को कुनै दिलचस्पी नराखी कांग्रेसको नेतृत्वमा भएको क्रान्ति,संघर्ष र अरु सबैको नैतिक जिम्मेवारी मेर छ भन्नु भएको थियो ,मैले क्रान्तिको आह्वान गरेको छु,विरोधमा कुनै शान्तिपुर्ण बैधानिक उपाय नभएर क्रान्तिको सिद्धान्तलाई अपनाउनु परेको हो र यदि मौलिक अधिकार,नागरिक स्वतन्त्रता र कानुी राज्यको व्यवस्था कायम रहन दिएको भए क्रान्तिको आह्वान उठाउने थिएन । राजा महेन्द्रको पंचायत युरोपियाको शक्ति सम्पन्नतालाई वीपीको अदालतको बयानमा भत्काई दिए । २०३४ साल वीपी जेलमा रहँदा स्वास्थ्य धेरै गम्भीर भएकोले डाक्टरको सल्लाह र अन्तराष्ट्रिय दवावमा राजा विरेन्द्रसंग वीपीको भेटमा वीपीले ,‘सरकार मेरो स्वास्थ्य भन्दा देशको स्वास्थय झन खराव छ, समस्यालाई पर सार्न उचित हुदैन,मलाई यो उमेर मा डर र लोभ केहि छैन,सरकारबाट पाउनुपर्ने जति दुःख पाईसके,अव त्यो बढि पाउने छैन । एक पटक स्वर्गीय महाराजा महेन्द्रसंग भनेका थिए सरकार म असफल भए भन्ने विराटनगरमा खेती छ,त्यहि बस्छु तर सरकार कहा सवारी हुन्छ नी ? जनमत संग्रहमा बहुदल पराजीत पराजित भएपछि क्रान्तिकारी होइन,स्वभाविक विकासको मेलमिलापको बाटोबाट संवैधानिक राजतन्त्रात्मक प्रजातान्त्रिक राजनीतिलाई स.स्थागत स्वरुप दिन सक्ने नया संविधानको पक्षमा हुनुहुन्थ्यो । २०३७ चैत ५ गते नेपालगंज सभामा भनेका थिए,‘कांग्रेससंग एउटा राष्टिय मेलमिलापको हतियार छ,त्यो छाता हामीले छाडन हुँदैन नत्र बर्षा पनि हामी माथि नै र घाम पनि हामी माथि नै पर्छ ।’ उहाको भनाई थियो,‘राष्ट भनेको भूगोल होइन,यथार्तमा जनता हो,जनतालाई भेदभाव गर्ने राज्यले राष्टियता बनाउन दिदैन ,राष्टियता जनताको श्री स्थापित गर्ने विचार र पद्धति हो । राजनैतिक अधिकार बाट बंचित भएको नागरिक राष्टको हुदैन,त्यो शाषित रैती हुन्छ । देशको सिमानामा बस्ने नेपालीले हाम्रो राष्टियता जोगाई राखेका छन् । असली राष्टवादी उनीहरु छन्,राष्टियता भनेको जनताको भावना हो ’। २०३९ साल जेठमा वीपीको अन्तिम सन्देश थियो,‘नेपाल भित्रको सार्मथ मैले बुझे,त्यसैबाट मेरो धारणाालाई इतिहासले मान्यता दियो भने त्यिह मेरा लागि ठुलो सौभाग्य हुनेछ । मलाई नियतीले दिएको दायीत्व नेपाली जनतालाई लोकतन्त्रको महत्व सिकाउनु बुझाउनुमि लामो समय लाग्दै छ,मैले यसमै चित बुझाउनु परेको छ र संघर्ष अगाडी बढाउनु परेको छ ।’ वीपीसंग सपना थियो,समय थिएन,आज कांग्रेससंग समय छ,सपना छैन ।



वीपी कोइरालाका रचित पुस्तकहरु मध्ये तीन घुम्तीमा नारीले आफनो अस्तित्वका लागि समाजिक नैतिकता र परम्परा विरुद्ध गरेको संघर्ष,नरेन्द्रदाईमा नरेन्द्रले गौरीसंग विवाहपछि विछोड भै विजातकी केटीसंग सम्पर्क भयो,पछि पुनः अंतमा गौरीसंग फर्केको,सुम्निमा अध्यात्मबाद र भौतिकबादको सन्तुलन भएमा मानवजीवन सुखी हुन सक्छ मान्यता,मोदिआइनमा महाभारत युद्धमा अठारह अक्षोरिणी सेनाका पत्नीलाई विधवा वनाउनु वाहेक के गरयो,उहाँको प्रश्न छ ? जेलजीवनमा साहित्य,संस्कृति,समाजको चित्र तथा नेपाली साहित्यमा सफलतापूर्वक मनोविज्ञान आधारित कथाको श्रीगणेश गर्नुभयो र नेपाली बौद्धिक विमर्शलाई एउटा उचाई दिनुभयो ।

वीपी गतिशील डेगहरुको कष्टकर समयमा निर्मित गरेको साँघुरो गाहे अहिले लोकतान्त्रिक गणतन्त्रको वृहत राजमार्ग बनेको छ । चार दशकको उनको प्रत्येक पदचापले नेपाली राजनीतिमा बरदहस्तक्षेप गरिरहयो,आफू बाँचेको जीवनमूल्यका आधारमा नैतिकता र निष्ठाले राजनीतिको उच्चतम उदाहरण बनी राजनीतिलाई जनतासंग जोडनुपर्छ को सोच उहाँले आफैलाई जोडेर देखाई दिएको इतिहास अनुकरणीय छ,मानिसले ठूलो बन्ने हैन,असल बन्नुपर्छ को दर्शन वीपीको जीवनबाट पाठ सिकाउछ । उहाँ माहात्मा गान्धी र राममनोहर लोहियाका अनुयायी,जर्मन समाजिक जनवादी पार्टीका नेता चान्सलर विलीव्रान्टलाई आर्दश मान्ने,फ्र्याकफर्ट स्कुलको विचारबाट प्रशिक्षित,समाजवाद प्रति आकर्षण,राजनीति वैचारिक चेत उच्च,प्रोकेट जस्तै द्रष्टा,सम्पूर्ण कौशलका सर्जक र वाहक,लोकतान्त्रिक भाष्यकार हुनुहुन्थ्यो । निधन –२०३९ साल साउन ६ गते । हार्दिक श्रद्धाञ्जली र नमन ।

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | | जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर | सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे | पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे | दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे | तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभ्झा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धन आर्जनका नया स्रोतहरु खुल्नेछन्, तपाइको को कार्यको उचित मूल्यांकन होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
पारिवारिक सद्भाव बढ्नेछ, सहित्य तथा संगीतमा रुची बढ्नेछ। आजको दिन तपाइको पक्षमा छ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
रोगबाट मुक्ति पाइएला । अधुरा काम बन्नाले मन हर्षित होला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ब्यापार तथा नोकरीबाट धन आर्जन हुने देखिन्छ । परिवारजनको सहयोग पाइएला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पराक्रम वृद्धि होला, ठुला ठुला कार्य गर्न मन लाग्नेछ दाजुभाइको साथ् र सहयोग रहनेछ

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
अपरान्हपछी चोटपटक को भय हुनाले साबधान रहनुहोला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
घरजग्गा तथा साधन बाहन किनबेच हुनसक्छ । आमाको सहयोग र आशिर्वादले धन आर्जन हुनसक्छ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
शैक्षिक क्षेत्रमा सुधार होला, अरुको बचन टाल्न नसक्दा दुख पाइनेछ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
धार्मिक कार्य तथा समाजसेवामा मन जानेछ, स्वास्थ्य मा समस्या आउन सक्नेछ सचेत रहनुहोला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
चोटपटक लाग्न सक्ला, शत्रुपक्ष बलवान हुनेछन्, आजको दिन कुनै नया कार्य नगरेको राम्रो हुनेछ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
पश्चिम तिरको यात्रा गर्दा साबधानी अपनाउनुहोला । प्रेम बढ्ने योग छ, पत्नी तथा पुत्रबाट सहयोग पाइएला ।

# वीरगंजका करदाताको बैंक खाता र सम्पति रोक्का

- *लामो समयदेखि कर नबुझाउने १९ जना करदाताको बैंक खाता रोक्का*
- *करदाताको बैंक खाता तथा सम्पत्ति रोक्का गरी बक्यौता उठाउने तयारी*
- *कारबाही गर १४ करोड ३९ लाख रुपैयाँ बक्यौता सङ्कलन*
- *पर्सामा एक लाख १५ हजार ४३५ करदाता*

रासस
वीरगंज ।
आन्तरिक राजस्व कार्यालय वीरगंज पर्साले लामो समयदेखि कर नबुझाउने १९ जना करदाताको बैंक खाता तथा सम्पत्ति रोक्का गरी बक्यौता उठाउने तयारी गरेको छ । दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने पर्सा वीरगंजस्थित खुसी जनरल स्टोर, सिद्धी विनायक ट्रेडर्स, माँ शक्ति ट्रेडर्स, दिनानाथ ट्रेडर्स, जगदिश एण्ड ब्रदर बडिमेकर, देवेन्द्र तेल उद्योग, डेल्टा सेक्युरिटी सर्भिस प्रालि, रिधान सप्लायर्स, टाइगर जब्स सेक्युरिटी सर्भिस प्रालि, गणपति ट्रेड इन्टरनेसनल, सम्राट ढुवानी सेवाको कारबाहीस्वरुप बैंक खाता र सम्पत्ति रोक्का गरिएको प्रमुख कर अधिकृत ढाकाराम तिवारीले जानकारी दिए ।




यस्तै वीरगंजकै पटेल किराना स्टोर्स, बूदर टेक्सटाइल इण्डट्रिज, कन्ट्रक्ट एक्सप्रेस कुरियर सर्भिस, कम्प्युट्रोनिक्स कलर ल्याब प्रालि, सुशील किराना स्टोर्स/ज्योति मनि चेन्जर्स, गहवामाई ट्रान्सपोर्ट प्रालि र सुरज मेसिनरीको पनि बैंक खाता र सम्पति रोक्का गरिएको प्रमुख कर अधिकृत तिवारीले बताए । प्रमुख तिवारीका अनुसार कर नबुझाएका करदातामाथि कारबाही गरी आव २०७९/८० मा १४ करोड ३९ लाख रुपैयाँ बक्यौता सङ्कलन गरिएको छ । 'पटकपटक कर बुझाउन मौखिक र पत्राचार गरिए पनि कर बुझाउन आलटाल गर्ने करदातामाथि कारबाही अघि बढाएका छौँ', प्रमुख कर अधिकृत तिवारीले भने, 'त्यही करमा हामीले १९ जना करदाताको बैंक खाता, कारोबार, घरजग्गा र आयात निर्यात रोक्का गरेका छौँ ।' सबै रोक्का भएपछि केही करदाता कर बुझाउनसमेत आएको उनको भनाइ थियो ।
नियमित बजार अनुगमन थालेपछि आव २०७९/८० मा करदातासमेत बढेका आन्तरिक राजस्व कार्यालय वीरगंजले जनाएको छ । आव २०७९/८० मा पर्सामा व्यावसायिकतर्फको करदाता दुई हजार सात सय ५० र व्यक्तिगत १० हजार दुई सय २५ नयाँ करदाता थपिएको प्रमुख कर अधिकृत तिवारीले जानकारी गराए ।
योसँगै पर्सामा व्यावसायिक ४७ हजार आठ सय ८० र व्यक्तिगत ६६ हजार पाँच सय ५५ गरी एक लाख १५ हजार ४३५ करदाताको सङ्ख्या पुगेको कार्यालयले जनाएको छ ।
यसैबीच आन्तरिक राजस्व कार्यालय वीरगञ्ज पर्साले आर्थिक बर्ष २०७९/८० मा सात अर्ब १४ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । अन्तशूल्कतर्फ तीन अर्ब रुपैयाँ, आयकरतर्फ तीन अर्ब रुपैयाँ, मूल्य अभिवृद्धिकरतर्फ एक अर्ब ७४ करोड रुपैयाँ, ब्याजकरतर्फ चार करोड रुपैयाँ र घरबहाल करतर्फ पाँच करोड रुपैयाँ राजस्व सङ्कलन भएको उनले बताए । कार्यालयले गत आर्थिक बर्ष २०७८/७९ मा आठ अर्ब ७१ करोड ६९ लाख ६० हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो ।
बढ्दो आर्थिक तरलता, विभिन्न कारण देखाउँदै बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह नहुनु, तथा विभिन्न सामानको आयातमा सरकारले गरेको प्रतिबन्धलगायतका कारणले राजस्व सङ्कलन घटेको प्रमुख कर अधिकृत तिवारीको भनाइ छ ।

# भन्सार कार्यालय सहयोगीको भरमा

- *सप्तरीका छोटी भन्सार कार्यालय कार्यालय सहयोगीको भरमा*
- *दरबन्दीका कर्मचारी नबस्ने भएपछि राजस्व सङ्कलनमा पनि कमी*
- *कर्मचारी अभावका कारण सातमध्ये पाँच छोटी भन्सार कार्यालय वर्षौंदेखि ठप्प*
- *चालु आवमा छ करोड ३० लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य*




**रासस**
**सप्तरी ।**
नेपाल–भारत अन्तर्राष्ट्रिय सीमानाकामा राजस्व उठाउने बलान बिहुल–४ बेल्हीस्थित छोटी भन्सार कार्यालय दुई कार्यालय सहयोगीका भरमा सञ्चालन हुँदै आइरहेको छ । कार्यालयमा कार्यालय सहयोगी जोगिन्द्र यादव र खडकबहादुर कार्की कार्यरत छन् भने जिल्लाकै डाक्नेश्वरी नगरपालिकामा रहेको पातो छोटी भन्सार कार्यालय पनि कार्यालय सहयोगीका भरमा सञ्चालन भइरहेको छ । दुवै भन्सार कार्यालय राजविराज भन्सार कार्यालय मातहतमा छन् ।
बेल्ही छोटी भन्सार कार्यालयले आर्थिक वर्ष २०७९/०८० मा १६ लाख २६ हजार एकसय ८३ रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयमा नायब सुब्बाको दरबन्दी भए पनि दरबन्दीका कर्मचारी नबस्ने भएपछि राजस्व सङ्कलनमा पनि कमी आएको छ ।

**राजस्व सङ्कलनमा ह्रास**

वार्षिक करोडौँ राजस्व सङ्कलन हुने सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–१ तिलाठीस्थित राजविराज भन्सार कार्यालयमा पनि लामो समयदेखि कर्मचारीको अभाव हुँदै आएको छ । कर्मचारी अभावका कारण कार्यालयले आफ्नो वार्षिक लक्ष्य पूरा गर्न सकेको छैन । राजस्व सङ्कलनमा बर्सेनि ह्रास हुँदै आएको छ । तिलाठी सप्तरीको एकमात्र ठूलो भन्सार नाका हो । विसं २०१३ मा उक्त नाकामा भन्सार कार्यालय स्थापना भएको थियो । यसका साथै जिल्लाभर अन्य सात छोटी भन्सार कार्यालय भए पनि कर्मचारी अभावका कारण सातमध्ये पाँच छोटी भन्सार कार्यालय वर्षौंदेखि ठप्प छन् ।
राजविराज भन्सार कार्यालयका सूचना अधिकारी अजयप्रकाश भगतले अहिले दुई वटा छोटी भन्सार कार्यालय रहेको बताए । उनले छोटी भन्सारमा नायव सुब्बा पठाउनुपर्नेमा कर्मचारी अभावका कारण सहयोगीका भरमा सञ्चालन हुँदै आएको जानकारी गराए । उनले भने, 'दुई महिना भयो कार्यालय प्रमुख र थप दुई जना नायबसुब्बा आउनुभएको योभन्दा पहिला जेनतेन म निमित्त कार्यालय प्रमुख भएर थप एक सुब्बा, कम्प्युटर अपरेटर, कार्यालय सहयोगीका भरमा सञ्चलान हुँदै आएको छ ।'
कार्यालमा भन्सार अधिकृत एक, नासु आठ, कम्प्युटर अपरेटर एक, हलुका सवारी चालक एक र कार्यालय सहयोगी १० जनाको दरबन्दी रहेको छ । राजविराज भन्सार कार्यालयलाई भन्सार विभागले आव २०७९/०८० मा पाँच करोड ९९ लाख ३० हजार रुपैयाँ उठाउने लक्ष्य तोके पनि ८४ प्रतिशत (पाँच करोड नौ लाख रुपैयाँ) मात्र राजस्व सङ्कलन भएको थियो । कार्यालयले भन्सार छलि र चोरीपैठारीका सामान पक्राउ गरी ५० वटा मुद्दा चलाएको सूचना अधिकारी भगतले बताए । उनले चालु आवमा भने छ करोड ३० लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य रहेको उल्लेख गरे ।
आव २०७८/७९ मा उक्त कार्यालयले राजस्व सङ्कलनतर्फ आफ्नो निर्धारित लक्ष्य पूरा गर्न सकेन । छ करोड ८४ लाख २० हजार रुपैयाँ उठाउनुपर्ने लक्ष्य निर्धारण गरिएकोमा कार्यालयले चार करोड १७ लाख ६४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । रकम लक्ष्यभन्दा ३९ प्रतिशतले कम हो । जिल्लाकै पातो छोटी भन्सार र बेल्ही छोटी भन्सार कार्यालय भाडाको घरमा सञ्चालनमा रहेको छ ।

**माओवादी जनयुद्धमा विस्थापित**

भन्सार कार्यालय पुनःस्थापना भएन माओवादी जनयुद्धका समयमा विस्थापित भएका रामनगर कोदरकट्टी, हनुमानगर, बनिनयाँ र सुभरनपट्टीका छोटी भन्सार कार्यालय अहिलेसम्म पुनःस्थापना हुन सकेका छैनन् । छोटी भन्सार पुनःस्थापित नभएपछि खुला सिमानाको फाइदा उठाउँदै तस्करी पनि बढेको छ । यस्तै जिल्लाकै भारतीय सिमानासँग नजिकै रहेका व्यापारिक केन्द्रका रुपमा रहेका बोदे बर्साईन बजारस्थित सुभरनपट्टी छोटी भन्सार कार्यालय पनि सञ्चालन नहुँदा राज्यले लाखौँ राजस्व गुमाइरहेको स्थानीय दिपक यादवले बताए ।
नाकाबाट सार्वजनिक भाडामा प्रयोग हुने टेम्पु, बस र निजी मोटरसाइकल, साइकल प्रयोग गरी भारतबाट ल्याइएका कपडा, चिनी, दाल, रजनीगन्धा, सुर्ती, बिडी, मेदा, बेसन र प्रतिबन्धित मुगरी माछालगायत समान स्तकरले बोदे बर्साईन बजारसम्म पु¥याउने गरेका छन् । सीमानाकामा दुईतर्फी रहेका सुरक्षाकर्मी सशस्त्र प्रहरी, नेपाल प्रहरीको आँखा छलेर गाडीका गाडी समान भित्रिरहँदा पनि छानबिन हुन सकेको पाइँदैन । त्यहाँ सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट सुभरनपट्टी, सोनापुर र सशस्त्र प्रहरी बल सीमासुरक्षा बेसक्याम्पका साथै इलाका प्रहरी कार्यालय प्रहरीचौकी पनि रहेको छ । नाकामा नेपाल–भारतको सहयोगमा पक्की सडकसमेत बनिसकेको छ ।

**बेल्ही भन्सारबाट भन्सार छलिका सामान**

छोटी भन्सार कार्यालयमा जनशक्ति अभावले गर्दा तस्करी नियन्त्रणमा समस्या भइरहेको त्यहाँ कार्यरत कार्यालय सहयोगीले बताए । 'हामी श्रेणीविहीन राष्ट्रसेवक हामी कसैलाई रोक्न सक्दैनौँ । आफैँ भन्सार शुक्ल बुझाउन आउनेलाई हामी रसिद काटी दिन्छौँ । दुई जनामात्र छौँ, थुप्रै चोरबाटा छन् । हामीले कार्यालय चलाउने कि ? बाहिर हेर्ने ?', उनीहरूको भनाइ थियो ।
विसं २०७९ भदौ ७ गते सप्तरीको बलान बिहुल गाउँपालिका–४ बेल्हीमा भारतबाट तस्करी गरी ल्याएको कपडा प्रहीले नियन्त्रणमा लिन खोज्दा सशस्त्र प्रहरी र तस्कर समूहबीच झडप भएको थियो ।
प्रहरीले तीन राउण्ड हवाइ फायर गरेको थियो भने तस्करले प्रहार गरेको ढुङ्गा लागेर तीन प्रहरी घाइते भएका थिए । भारतबाट सामान तस्करी गरेर स्थानीय घुरन साहको घरमा राखिएको सूचना पाएपछि तस्करी गरी ल्याइएको सामान प्रहीले नियन्त्रणमा लिन खोज्दा प्रहरी र तस्कर समूहबीच झडप भएको थियो । त्यसैगरी विसं २०८० जेठ ३ गते बलान बिहुल–४ बेल्हीस्थित सन्तोष यादवको घरमा सटरभित्र भन्सार छलि भारततर्फ पठाउन तयारी अवस्थामा स्याउ राखिएको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले तीन सय ८५ कार्टुन स्याउ बरामद गरेको थियो ।
स्याउ १५ लाख ४० हजार रुपैयाँ बराबरको थियो । बरामद गरिएका स्याउ आवश्यक कारबाहीका लागि प्रहरीले राजविराज भन्सार कार्यालय पठाएको थियो ।
विसं २०८० जेठ ९ गते अवैधरुपमा भित्रिएका प्रतिबन्धित करिब दुई क्विन्टल मुगरी माछा प्रहरीले नियन्त्रणमा लिएर बेल्ही प्रहरीचौकी परिसरमा खाल्डो खनी पुरेको थियो । नाकामा नेपालबाट बालुवा तथा गिट्टी तस्करी गरी भारततर्फ निकासी हुने गरेको स्थानीयले बताएका छन् ।

# सूर्यमुखी फूलको खेतीमा रमाउदै मिलन

**रासस**
**खोटाङ ।**
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–११ खार्मीस्थित बोहोरीबोटका मिलन राईले विसं २०७७ मा माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरे । खार्मीस्थित कालिका माध्यमिक विद्यालयबाट सोह्र वर्षको उमेरमा 'ए' ग्रेड ल्याएर एसइई उत्तीर्ण गर्नुभएका उनले घरको कमजोर आर्थिक अवस्थाका कारण उच्च शिक्षा अध्ययन गर्ने मनस्थिति बनाएनन् ।
गाउँका अधिकांश परिवार वैदेशिक रोजगारीमा रहेकाले मिलनको रोजाइ पनि विदेश जाने नै रह्यो । मलेसिया जानका लागि आवश्यक कागजात बोकेर काठमाडौँ पुगेका उनले मेनपावर कम्पनीमा राहदानीसमेत बुझाए ।
वैदेशिक रोजगारसम्बन्धी काम गर्दै आएका खोटाङकै केपिसालगढी गाउँपालिकाका कृष्ण राईले राहदानी बुझाएका मिलनलाई मेनपावर कम्पनीले तीन लाख ५० हजार रुपैयाँ धरौटी रकम लाग्ने सुनाए ।
नेपाल सरकारसँगको सम्झौताअनुसार ज्यामी काममा मलेसिया जानका लागि फ्रि भिसा, फ्रि टिकेट भनिए पनि मेनपावर कम्पनीले त्यतिका पैसा लाग्ने सुनाएपछि मिलनको सोच एकाएक बदलियो । अहिले भर्खर १९ वर्ष लागेका मिलनले मेनपावर कम्पनीको कुरा सुन्नासाथ गाउँ फर्किएर आफ्नै ठाउँमा केही गर्ने सपना बुन्न थाले ।
आफ्नै गाउँमा केही गर्न सकिन्छ कि भन्ने बारेमा युट्युब खोतल्न थाए । परम्परागत खेती प्रणाली अपनाएर



जीवन निर्वाह गर्दै आइएको खार्मीमा उनले व्यावसायिकरुपमा सूर्यमुखी फूलको खेती गर्ने निधो गरे । मकै, कोदो र आलु खेती हुँदै आएको चार रोपनी जग्गामा सोलुखुम्बुबाट खरिद गरेर ल्याएको छ केजी सूर्यमुखी फूलको दल राखेर व्यावसायिक खेती सुरु गरे ।
अहिले मिलनले लगाएका व्यावसायिक सूर्यमुखी फूल ढकमक्क फुलेको छ । सँधियारले आसपासको जग्गामा लगाएको मकै र कोदो फलिरहँदा मिलनको जग्गामा पँहेपुर भएर ढकमक्क फुलेको सूर्यमुखी फूलको खेती देख्दा रमित लाग्दो छ ।
युट्युबमा हेरेर बिना परीक्षण व्यावसायिकरुपमा सुरु गरिएको सूर्यमुखी फूलको खेती राम्ररी सप्रिएकाले आगामी वर्ष थप वृद्धि गर्ने तयारी गरिएको मिलनले बताए । 'विदेश जाने सोच बनाएको थिए । फ्रि भिसा, फ्रि टिकेट भनिएको ठाउँमा पनि दलालहरुले ठग्दा रहेछन्', उनले भने, 'त्यतिका पैसा खर्च गरेर अर्काको देशमा पसिना बगाउनुभन्दा आफ्नै ठाउँमा केही गरौँ भन्ने सोच आयो । परीक्षणकालमै राम्रो उत्पादन हुने देखिएको छ । आगामी दिनमा थप विस्तार गर्ने तयारीमा छु ।'
फल लाग्दै गरेको सूर्यमुखी फूल पाक्ने बित्तिकै सोही जग्गामा तोरी खेती गर्ने तयारी गरिएको मिलनले जानकारी दिए । 'परम्परागत खेतीले जीवन निर्वाहबाहेक केही गर्न सकिँदैन । गाउँमा आम्दानीको अन्य स्रोत पनि छैन । आम्दानीको स्रोत वृद्धि गर्न गाउँमै तेलहनजन्य खेतीलाई व्यावसायिक बनाउने सोचमा छु', उनले भने, 'आफ्नो गाउँमा खपत हुने खानेतेल आफ्नै गाउँमा उत्पादन गर्ने गरी योजना बनाएको छु । उत्पादित कच्चा पदार्थलाई आफैँ प्रशोधन गर्ने गरी मिलसमेत खरिद गर्ने तयारीमा छु ।' नगरपालिकाको कृषि शाखामा आधिकारिकरुपमा सूर्यमुखी कृषि फार्म दर्ता गरेर सूर्यमुखी फूलको व्यावसायिक खेती सुरु गरेका मिलनलाई आमा र बुबाले समेत साथ दिँदै आएका छन् । परम्परागत कृषि प्रणाली अपनाउँदै आएका छिमेकीसमेत मिलनको सूर्यमुखी फूलको व्यावसायिक खेती देखेर सिको गर्ने तयारीमा छन् ।
खार्मीका मिलनले लगाएको सूर्यमुखी फूलको उत्पादनलाई हेरेर आगामी दिनमा त्यहाँका कृषकलाई अनुदानको व्यवस्था गर्ने योजना बनाइएको नगर उपप्रमुख विशन राईले बताएका छन् । 'खार्मी, पाथेका र जालपालाई तेलहनजन्य कृषि उत्पादनको पकेट क्षेत्र बनाउने तयारी गरिएको छ । मिलन भाइले सूर्यमुखी फूलको खेती सुरु गर्नुभएको रहेछ', उनले भने, 'व्यावसायिकरुपमा कृषि पेसा अपनाउने व्यक्तिलाई प्रोत्साहन गर्न नगरपालिकाले अनुदानको व्यवस्था गरेको छ । उहाँले लगाउनुभएको सूर्यमुखी फूलको खेती सफल भएको खण्डमा उहाँलाई नगरपालिकाको तर्फबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।'
किशोरावस्था ननाघेका मिलनले आफ्नै लगानीमा व्यावसायिकरुपमा सूर्यमुखी फूलको खेती सुरु गरेपछि नगर उपप्रमुख राई कृषि शाखा प्रमुख तेजप्रकाश जैसीसहितका टोली लिएर अवलोकनमा खार्मी पुगेका थिए ।
पन्ध्र वडा रहेको नगरपालिकाको नवौँ नगरसभाले खार्मी, पाथेका र जालपालाई तेलहनजन्य खेतीका लागि पकेट क्षेत्र बनाउने घोषणा गरेको अवस्थामा मिलनले सुरु गरेको सूर्यमुखी फूलको खेती सप्रिएको खबर पाएपछि उपप्रमुख राईको टोली अवलोकनमा खार्मी गएको हो ।

# भोजपुरमा व्यावसायिक चियाखेती

**रासस**
**टक्सार ।**
पूर्वी पहाडी जिल्ला भोजपुरका कृषकले व्यावसायिक चियाखेती सुरु गरेका छन् । इलाम र झापामा मात्र चियाखेती हुन्छ भन्ने भ्रम चिर्दै जिल्लामा व्यावसायिक खेती थालिएको हो । जिल्लाको पश्चिममा रहेको टेम्केमैयुङ गाउँपालिकामा पहिलो 'गरस चिया उद्योग' सञ्चालन गरिएको छ । उद्योगले राष्ट्रिय चिया तथा कफीखेती बोर्डबाट ट्रेडमार्कसमेत पाइसकेको छ ।
विगत १२ वर्षअघिदेखि सञ्चालित उद्योगले राम्रो आम्दानी गर्दै आइरहेको छ । राम्रो आम्दानी हुने देखेर नै खेती सुरु गरिएको सञ्चालक सहरमान गिरीले बताए ।
चिया खेतीको राम्रो सम्भावना देखेसँगै झापामा बसाइँसराइ गरेका उनी भोजपुर फर्केर व्यावसायिक चियाखेती विस्तारमा लागेका थिए । मेहनत गरेमा वार्षिक नौ लाख रुपैयाँसम्म आम्दानी गर्न सकिने सञ्चालक गिरीको भनाइ थियो । हाल एक सय ३० रोपनी जग्गामा चिया खेती गरिएको उनले बताए ।
व्यावसायिक खेती सुरु गरेसँगै उद्योगमा रोजगारीको अवसर पनि श्रृजना भएको छ । चिया गोड्ने, नर्सरी बनाउने र टिप्नेजस्ता कामको समयमा अन्य स्थानीय तहलेसमेत रोजगार पाउने गरेका छन् । बिहान बेलुका आफ्नो घरको काम सकेर आफ्नै ठाउँमा काम गरेर पैसा कमाउन पाउँदा घरको गर्जो टार्न सहज हुनाका साथै स्थानीय निकायमा उत्साह थपिएको स्थानीय प्रतिराज राईको धारणा थियो ।
टेम्केमैयुङ गाउँपालिकामा मात्र जिल्लाको अन्य क्षेत्र तथा गाउँपालिकामा समेत व्यावसायिक चियाखेती थालिएको छ । भोजपुरको दक्षिणमा रहेको आमचोक गाउँपालिकाले पनि ग्रामीण भेगका कृषकको जीवनस्तर उकास्ने लक्ष्यका साथ सार्वजनिक खुला खर्क, चउर र डाँडाकाँडामा पनि व्यावसायिक चियाखेती विस्तार गरेको छ । सिङ्गो गाउँपालिकाको आर्थिक उन्नति र पर्यटन प्रवद्र्धनमा टेवा पु¥याउने उद्देश्यले गाउँपालिकाका सार्वजनिक जग्गामा वार्षिक कार्यक्रमअन्तर्गत चियाखेती विस्तार गरिएको हो । खेर गइरहेका सार्वजनिकस्थलमा चिया लगाएर व्यावसायिकरुपमा सिङ्गो गाउँपालिकालाई अर्थोपार्जनको बहुआयामिक बनाउने तयारीका साथ खेती विस्तार गरिएको गाउँपालिकाले जनाएको छ ।

# प्याजमा कालो बजारी

**रासस**
**काठमाडौँ ।**
भारतले प्याजको निर्यातमा भन्सार बढाएको भोलिपल्टै नेपाली बजारमा प्याजमा कालो बजारी र चर्को मूल्यवृद्धि भएको देखिएको छ । एक दिनमै प्याजको मूल्य प्रतिकिलो २० रुपैयाँसम्मले बढेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुगमनबाट देखिएको छ । भारतले निर्यातमा कर बढाउनु अगावै नेपाल भित्रिसकेको र मौज्दात रहेको प्याजमा चर्को मूल्य वृद्धि भएपछि वाणिज्य विभागले अनुगमन थालेको छ । विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरका अनुसार सोमबार विभागले तीन वटा अनुगमन टोली खटाएर कालीमाटी, बल्खु, एकान्तकुनालगायत प्रमुख तरकारी बजार र खुद्रा पसलमा अनुगमन गरेको छ । भारतले भन्सार बढाएको बहानामा व्यापारीले पहिल्यै आयात गरिसकेको प्याजमासमेत मूल्य बढाएर कालोबजारी गरेपछि अनुगमन गरिएको र केही व्यापारीलाई कारबाहीसमेत भएको उनले जानकारी दिए ।
'प्याजमा कालो बजारी र चर्को मूल्यवृद्धिको सूचना पाउने वित्तिकै विभागले सोमबार दिनभरि तीन वटा टोली परिचालन गरेर बजार मूल्य अनुगमन गरेको छ । तीन वटा व्यापारीलाई जनही २० हजार रुपैयाँ, दुई वटा व्यापारीलाई जनही ५० हजार रुपैयाँका दरले कारबाही गरिएको छ भने चार वटा आयातकर्ता र व्यापारीलाई थप अनुसन्धानका लागि कागजात माग भएको छ', महानिर्देशक ठाकुरले भने ।
काटीमाटी फलफूल तथा तरकारी बजारमा आइतबार प्रतिकिलो ६० रुपैयाँका दरले बिक्री भइरहेको प्याज सोमबार प्रतिकिलो २० रुपैयाँसम्म बढेर ८० रुपैयाँ पुगेको थियो । तर विभागले अनुगमन गरेपछि कालीमाटी तरकारी बजारमा प्याजको मूल्य प्रतिकिलो १० रुपैयाँले घटेको उनको भनाइ छ । उपत्यकाका विभिन्न २१ स्थानमा भएको अनुगमनमा पाँच वटालाई तत्काल कारबाही, चार वटालाई थप अनुसन्धानका लागि कागजात माग, एउटालाई २४ घण्टाभित्र विभागमा उपस्थित हुन निर्देशन र बाँकीलाई सामान्य निर्देशन दिइएको विभागले जनाएको छ । फरक मूल्य राखेर भ्याटबिल बनाएको तथा आयातकर्ता व्यापारीले अरु खुद्रा व्यापारीलाई कति रकममा बिक्री गरेका छन् भन्नेबारे विभागले विस्तृ अध्ययन गरिरहेको पनि महानिर्देशक ठाकुरले जानकारी दिए ।
भारतको वित्त मन्त्रालयले शनिबार प्याजको निर्यातमा ४० प्रतिशतसम्म भन्सार कर बढाउने निर्णय गरेको थियो । भारतको आन्तरिक बजारमा प्याजको मूल्य बढेपछि भन्सार कर बढाइएको भारतीय वित्त मन्त्रालयले जनाएको छ । आगामी डिसेम्बर ३१ सम्म यस्तो कर लाग्नेछ । यसअघि भारतले बासमतीबाहेकका चामल निर्यातमा बन्देज लगाएपछि चामलमा पनि कालोबजारी बढेको थियो ।
वाणिज्य विभागको अनुगमन पछि केही हदसम्म मूल्य वृद्धि नियन्त्रण भएको महानिर्देशक ठाकुरको भनाइ छ ।

# हिन्दूमाथि ज्यादती गरेको भन्दै अभियानद्वारा धर्ना




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पर्वको आडमा मुस्लिम समुदायले हिन्दुहरुमाथि ज्यादती गरेको भन्दै राष्ट्रिय एकता अभियानले सोमबार माइतिघर मण्डलामा धर्ना दिएको छ । धर्नामा अभियानका केन्द्रीय अध्यक्ष विनय यादव, संविधान सभा सदस्य वीपी यादव, अभियानको राष्ट्रीय सम्मेलन आयोजन समितिका महासचिव डा. प्रभात कुशवाहा, बिधार्थी परिषदका पप्पू यादव, धीरज गिरी, चन्द्र यदुवंशी, दिवस पटेल, अबिनाश यादवलगायत सहभागी थिए । 'मधेश प्रदेशमा जारी हिन्दू दमनविरुद्ध खबरदारी धर्ना' लेखिएको ब्यानरसहित धर्नामा वसेका सहभागिहरु हिन्दुमाथि भईरहेको ज्यादती विरुद्ध नाराजुलस पनि गरेका छन् ।सहभागिहरुले 'मुस्लिम पर्वको आडमा हिन्दूमाथि गरिएको आक्रमणकमा सम्मिलितहरूलाई कारवाही गर, जिहादीहरुको आक्रमणबाट घाइते हिन्दूहरुको निशुल्क उपचारको व्यवस्था गर, इस्लामिक अतिक्रमणविरुद्ध कड़ा कऻानून बनाउ, जिहादी संरक्षक राष्ट्रिय मुस्लिम आयोग खारेज गर र जानकी मन्दिरसँगैको मुस्लिम वस्ती खाली गर' लगायतका नारा लगाएका थिए ।सर्लाहीमा शनिवार मुस्लिम समुदायको मोहरम पर्व मनाउने क्रममा दुई पक्षबीच झडप भएको थियो। गोडैता बजारमा भएको झडपमा ६ प्रहरीसहित १० जना घाईते भएका थिए।
हिन्दु–मुस्लिम झडप नियन्त्रण गर्न प्रहरीले २६ सेल अश्रु ग्यास र १६ राउन्ड हवाइ फायर गरेको छ ।त्यसतै रौतहटको बिजयपुर फटुवामा शम्भू कुमार रामलाई निरघात कुटपिट गरी सिकिस्त घाइते बनाएका छन भने महोतरी जिल्लामा मुस्लिमहरुको आक्रमणमा परि रबीन यादव र गगन कुमार महतो घाइते भएका छन् ।
यस्तै मुस्लिम पर्वको नाममा हिन्दू ज्यादतीको बिरुद्धमा आज जनकपुर स्थित राष्ट्रिय एकता अभियानको अगुवाईमा बिभिन्न हिंदूवादी संघ संगठन द्वारा जिल्ला प्रशाशन कार्यालय घेराऊ गरी प्रदर्शन गरेका छन। बिगतमा भएको सर्वपक्षिय सहमति कार्यनयन नगरेको भन्दै हिंदूवादीहरु धनुषा प्रशासनप्रति आक्रोषित भएका छन् ।

# जनमतको जनमतमा एक मन्त्रीसहित चार सांसद फेल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले सुरु गरेको जनमत अभियानमा एक मन्त्रीसहित चार प्रदेश सांसद आन्तरिक मूल्यांकनमा असफल भएका छन् । शनिबार डा. सीके राउत नेतृत्वको जनमत पार्टीले गरेको निर्वाचनमा चारजना प्रदेश सांसद अनुत्तीर्ण भएका हुन् ।जनमतले आयोजना गरेको निर्वाचनमा जनमतकै कार्यकर्ताहरूले मतदान गरेका थिए । कुल १६ जना रहेको सांसदमध्ये १२ जनाको कार्यसम्पादन ठीक रहेको पाइएको छ । फेल हुने चारैजना समानुपातिक सांसद हुन् ।चन्दनकुमार सिंह, त्रिभुवन साह, भाग्यश्री कुमारी चौधरी र अनिता कुमारी साह आन्तरिक मूल्यांकनमा अनुतीर्ण भएका छन् । सिंह मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री मन्त्री हुन् । उनको पक्षमा १४ र विपक्षमा २८ मत परेको थियो । यस्तै, सिरहाका त्रिभुवन साहको पक्षमा २० र विपक्षमा ७८ मत परेको थियो । चौधरीको पक्षमा २१ र विपक्षमा ७९ मत परेको जनमतका प्रवक्ता डा। शरदसिंह यादवले जानकारी दिए ।यस्तै, अनिता कुमारी साह पनि फेल भएकी छन् । उनको पक्षमा १४ र विपक्षमा २३ मत परेको थियो । सम्बन्धित क्षेत्रका पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा सो पदका प्रत्यासी, जिल्ला परिषद सदस्य र सोही भूगोलका केन्द्रीय सदस्यसमेत मतदानमा सहभागी थिए । यता कार्यसम्पादन मुल्यांकनमा फेल भएका चार सांसदलाई जनमत पार्टीले कारवाही प्रक्रिया अगाडी बढाउने भएको छ । जनमतका केन्द्रिय नेता विपी साहका अनुसार पार्टीको छलफलपछि पार्टीले यस विषयमा अन्तिम निर्णय लिने छ ।

# प्रादेशिक अस्पतालमा मुटु रोगको उपचार सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नशा दविएको सम्वन्धि उपचारको सफलतम सुरुवात गरेका प्रादेशिक अस्पताल जनकपुरधामले मुटु रोगको उपचार पनि सुरु गरेको छ । यसअघि, गङ्गालाल हृदय रोग केन्द्रमा मात्र उपचार हुने गरेको मुटु रोगको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा सुरु भएको निर्देशक डा.रामनरेश पण्डितले जानकारी दिए । लामो समयदेखि जनशक्तिको अभावले मुटुको परीक्षण गर्ने ईण्डोस्कोपी मेसिन थन्किएकामा टिचिङ अस्पतालबाट चिकित्सक डा. निश्चल साह आएपछि मुटुको उपचार सम्बन्धी सेवा सुरु भएको हो । ओपिडी सेवा आइतबारदेखि शुक्रवारसम्म हुने भएको पनि प्रादेशिक अस्पतालले जनाएको छ । ईण्डोस्कोपी मेसिन जनशक्तिको अभावले करिब १ वर्षदेखि थन्किएर बसेको थियो । अहिले जनशक्ति आएसँगै सेवा सुरु भएपछि सेवाग्राहीहरू खुसी भएका छन् । मुटुको सम्पूर्ण अवस्थाका विषयमा ईसीजी तथा ईण्डोस्कोपी गरेर जानकारी लिन सकिने छ । मधेश प्रदेशको गौरवको योजना अन्तर्गत रहेको मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालनमा रहेको प्रादेशिक अस्पताल जनकपुरधामको सेवाप्रति प्रश्न उठ्ने गरेको बेलामा नयाँ नयाँ रोगको उपचारका लागि आएका मेसिनहरू सञ्चालनमा ल्याएपछि स्थानीय बाँसी खुसी भएका छन् । यसैगरी नशा सम्बन्धी समस्या पत्ता लगाउनका लागि खरिद गरिएको ईएमजी मेसिन पनि सञ्चालनमा आएको छ । यसले नशा च्यापिएको भए पनि सजिलै पत्ता लागेर समाधानका लागि उपचार गर्न सकिने प्राविधिक कर्मचारी वीरेन्द्र कुमार यादवले जानकारी दिए । यसका साथै अस्पतालमा मानसिक रोगको प्रभावकारी उपचारका लागि परीक्षणका लागि खरिद गरेर आएको ईईजी मेसिन पनि सञ्चालनमा आएको छ । यसका साथै फेफडाको अवस्थाका विषयमा परीक्षणका लागि आएको पिएफटि मेसिन पनि सञ्चालनमा आएको छ । नयाँ नयाँ रोगको उपचार सुरु भएको र यसलाई निरन्तरता दिने पक्षमा प्रादेशिक अस्पताल रहेको निर्देशक डा.पण्डितले जानकारी दिए । ईको सेवा दिँदा प्रादेशिक अस्पतालले १ हजार ५ सय शुल्क निर्धारण गरिएको छ । यसैगरी ईएमजी र ईइजी सेवा २ हजार र पिएफटि सेवा १ हजार ५ सयमा दिने काम सुरु भएको छ । बाहिर यसको शुल्क ५ हजारदेखि ८ हजारसम्म रहेको छ ।

# अपांगता भएका व्यक्तिको अधिकारको सम्वन्धमा शिक्षा मन्त्रीलाई ज्ञापन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ को पहिलो संशोधन २०७५ को अनुसुचि सम्बन्धमा सोमबार सरोकारबलाहरुले मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवलाई ज्ञापनपत्र बुझाएका छन् । राष्ट्रिय अपाङग महासंघ मधेश प्रदेशका अध्यक्ष किरण कुमार पासमानको अगुवाईमा अपाङगता संग सम्बन्धित विभिन्न १४ वटा संस्थाका प्रतिनिधिको हस्ताक्षर सहितको ज्ञापनपत्र मन्त्री यादवलाई बुझाउदै उनिहरु जसको सवाल उसको प्रतिनिधित्व सहित ऐन संशोधन हुनु पर्ने माग गरिएको छ ।
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिँहदरबारलाई बोधार्थ गरी दिइएको उक्त ज्ञापनपत्रमा उल्लेख भएका मागहरु ऐन संशोधन प्रकृया समग्र अपाङ्गताको छुटेका वर्ग अशक्तताको प्रकृतिलाई मात्र आधार नमानी अन्य पहिचानहरु सहित सबै सवालहरुलाई एकैपटक सम्बोधन गर्ने गरी अगाडि बढाउनु पर्ने रहेका छन् । त्यस्तै ऐन संशोधनका लागि पारदर्शी रुपमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व जस्तै अपाङ्गताको वर्ग्गीकरण सहीत मधेशी, दलित, आदिवासी, जनजाति, महिला, मुश्लिम ,एकल महिला,अल्पसंख्यक, यौनिक तथा लैगिंक समुदाय हुने गरी पुर्ण प्रभावकारी सहभागीता सुनिश्चितता सहितको समावेशी कार्यदल निर्माण गर्नुपर्ने रहेका छन् ।
यसका साथै ऐन संशोधनका लागि सम्बोधन गरिनुपर्ने सम्पूर्ण सवालहरुको पहिचानका लागि स्थानीय तह देखि प्रदेश हुदै संघीय तह सम्म व्यापक र अर्थपूर्ण परामर्श तथा छलफलबाट गर्नुपर्ने हुन्छ । यसका साथै हाल स्थानिय तथा प्रदेश तहहरुमा अपाङ्गता समावेशी विकासको लागी निति, कार्यक्रम तथा वजेट विनियोजनका लागी निर्दिष्ट एवं वाध्यात्मक कानुनी व्यवस्था नभएको हुँदा सोको व्यवस्था गर्नुपर्ने तथा हालको ऐनमा व्यवस्था गरिएको अपाङ्गताको प्रकृति र गम्भिरताको आधारमा गरिएको अपाङ्गताको वर्ग्गीकरण अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी २००६ को मर्मानुसार नरहेको, अपाङ्गता जस्तो परिवर्तनशिल र बहुआयामिक सवाललाई संकुचित बनाएको व्यक्तिको पहिचानमा समेत नकारात्मक असर परेको र निकट भविष्यमा देखा पर्न सक्ने अपाङ्गताको नविनतम प्रकारहरुलाई समेट्न सक्ने वैज्ञानिक एवं समयासापेक्ष बनाइने माग गरिएको राष्ट्रिय शारिरीक अपाङग महासंघका अध्यक्ष शत्रुघनलाल कर्णले जानकारी दिए । ज्ञापनपत्र बुझ्दै मन्त्री यादवले ऐनमा रहेका कमिकमजोरीलाई पुनः विचार गरी संशोधनको पक्षमा आफु पनि रहेको बताउदै यस विषयमा संघीय सरकार संग समन्वय गर्ने बताए । ज्ञापनपत्र बुझाउनेहरुमा राष्ट्रिय अपाङग महासंघ मधेश प्रदेशका अध्यक्ष किरण पासमान, अपाङग समाज जनकपुरधामका महासचिब उपेन्द्र राउत, ग्रामिण अपाङ सरोकार केन्द्र धनुषाका अध्यक्ष जय प्रकाश ठाकुर, किरण पुर्नस्थापना केन्द्रका अध्यक्ष जगदीश कुमार साह, राष्ट्रिय शारीरिक अपाङग महासंघका अध्यक्ष शत्रुघनलाल कर्ण, तराई अपाङ कल्याण संघ महोत्तरीका अध्यक्ष संजु भगत, राष्ट्रिय अपाङ महिला पुर्नस्थापना केन्द्र महोत्तरीका अध्यक्ष विनिता कुमारी यादव, ग्रामिण अपाङ उत्थान केन्द्र धनुषाका अध्यक्ष धनेश प्रसाद लगायतका संस्थाहरुका अध्यक्षहरुको सहभागिता रहेका थिए ।

# दानवीर साहको निधनमा मन्त्री साहद्वारा शोक व्यक्त



**मिश्रीलाल मधुकार**
**जनकपुरधाम ।**
संघिय मामिला तथा समान्य प्रशासन मन्त्री अनिता देवी साहले दानविर रामचन्द्र साहको निधनप्रति शोक समवेदना व्यक्त गरेकी छन् । शोक समवेदना व्यक्त गर्दै उनले रामचन्द्र साहको परिवार जनकपुरधामको शिक्षामा महत्वपुर्ण योगदान दिएको बताइन् । उनले राराव क्याम्पस,सरस्वती मावि,कन्या मावि,जटहीको पुल,शिव मन्दिर,गंगासागरमा धर्मशाला निमार्ण लगायतका परोपकारी कामलाई जनकपुरधामबासीले कहिल्यै भुल्न नसकिने बताईन । उनले यस दुखद घडीमा दुखित परिवारलाई धैर्यधारणको शक्ति प्रदान गरुनको कामना समेत गरेकी छन् ।

# जनकपुरधाममा मनाइए नागपञ्चमी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी सोमबार परम्परा अनुसार नागको पूजा अर्चना गरी घरका मूलढोकामा तस्वीर टाँसेर मनाइँएको छ । यसरी नागको तस्वीर टाँस्दा वर्षभर घरमा नाग, सर्प र बिच्छी लगायतका जीवले दुःख नदिनुका साथै अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न सकिन्छ भन्ने धार्मिक विश्वास छ ।
नाग पूजाको प्रचलन वैदिककालदेखि नै सुरू भएको हो ।
वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ । नाग रिसाए भने पानीको अभाव हुने भएकाले पानीका लागि पनि नागलाई खुशी पार्न पूजा गर्ने परम्परा बसेको हो । यता नागपञ्चमीको अवसरमा जनकपुरधामको बिषहराचौक स्थित बिषहरा मन्दिरमा भक्तजनहरुको भिडभाड लागेको छ । नाग देवताको पुजापाठ गर्न बिहानै देखि मन्दिरमा भिडभाड लागेको थियो । साथै जनकपुरधामको तपसीचौक स्थित नागबंशी मन्दिर सहितका ठाँउहरुमा नागराजको मुर्ती स्थापना गरि समेत पुजापाठ र दर्शनको व्यवस्था मिलाइएको मन्दिर समितिका अध्यक्ष बैद्यनाथ ठाकुरले बताए ।

# जनकपुरधाममा 'द कृष्ण रन' म्याराथन हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा भव्यतापुर्वक मनाइने श्रीकृष्णजन्माष्टीको अवसरमा यस वर्ष 'द कृष्ण रन' नामक म्याराथन प्रतियोगीता हुने भएको छ । एलान ईभेन्ट म्यानेजमेन्टको आयोजना र जनकपुरधामको रेल्वे स्टेशन स्थित श्री कृष्णजन्माष्टमी मेला समितिको सहकार्यमा आयोजना हुने म्याराथनमा १४ वर्ष भन्दा माथी कुनै पनि उमेर समुहका व्यक्ति सहभागि हुन पाउने बताइएको छ । ईभेन्टकी रिती कर्ण र मेला समितिका अध्यक्ष राजु साहले पत्रकार सम्मेलनको आयोजनागरि म्याराथन बारे जानकारी गराएका हुन् । कर्णले युवा देखि महिला, पुरुष सबै एकै म्याराथनमा दौडदा भाइचारा झल्किने र स्वस्थ्य जनकपुरधामको लागि प्रेरणा भेटने बताईन । उनले जुता अनिवार्य भएपनि आफलाई सहज हुने कुनै पनि पोशाकमा म्याराथनमा भाग लिन सकिने बताए । राधाकृष्णको महत्व झल्किने पोशाक लगाएर सहभागि भए झन उत्तम हुने उनले बताईन् । भदौं १६ गते विहान साढे ९ बजे जनकचौक देखि भानुचौक हुदै रेल्वेस्टेशन सम्म दौड हुने प्रतियोगीता कृष्णाजन्माष्टमीलाई प्राथमिकतामा राखेकाले आफुहरुले सम्पुर्ण सहयोग गर्ने मेला समितिका अध्यक्ष साहले बताए ।

विशेष अफरमा धमाधम बुकिङ्ग भइरहेको छ ।

डिलरको आवश्यक्ता
CROP CRUISER

धान, गेहु, मकैको लागि उपयोगी
अधिकृत विक्रेता: त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, पर्सा, मो.नं. ९८५५०२१०२०

बिहान ५ बजे नै पिडिएफ उपलब्ध


मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि :
www.emadheshdristi.com
मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# मधेश विश्वविद्यालयमा विद्यार्थीको चाप

**रासस**
**वीरगंज ।**
मधेश विश्वविद्यालयले पहिलो पटक पठनपाठन सुरु गर्न लागेको छ । विश्वविद्यालयमा पहिलो पटकमै विद्यार्थीको चाप बढ्दै गएको छ । कानुन र जनप्रशासन सङ्कायमा भर्नाका लागि आवेदन दिन विश्वविद्यालयले सूचना जारी गरेको छ ।




पहिलो वर्षमै पठनपाठन सुरु गर्न लागेको विश्वविद्यालयमा कानुन सङ्कायतर्फ बीए एलएलबी र जनप्रशासन सङ्कायमा यही भदौ १ देखि १५ गतेसम्मका लागि भर्ना आवेदन खुला गरेको हो । आवेदन खुला भएको तीन दिनमै तीन सयभन्दा बढी विद्यार्थीले आवेदन दिएका छन् । खासगरी बीए एलएलबीतर्फ विद्यार्थीको आकर्षण बढी छ ।
'दैनिक आवेदनका लागि आउने विद्यार्थीको सङ्ख्या बढ्दै गएको छ,' विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले भने, 'हामीले भर्ना आवेदन खुला गरेको तीन दिनकै अवधिमा कानुन सङ्कायतर्फ तीन सय र जनप्रशासन सङ्कायतर्फ २७ विद्यार्थीले आवेदन दिइसकेका छन् ।' अझै दैनिक विद्यार्थीको चाप बढ्दै गएको उनको भनाइ छ । विश्वविद्यालयले कानुन सङ्कायतर्फ एक सय १० र जनप्रशासनतर्फ ५५ विद्यार्थीका लागि कोटा निर्धारण गरेको छ । यसरी हेर्दा निर्धारित कोटा भन्दा बढी आवेदन हुने भएकाले भदौ २३ गते प्रवेश परीक्षा सञ्चालन गरी विद्यार्थी छनोट गरिने रजिष्ट्रार यादवले बताए ।
विद्यार्थी छनोटका लागि ८० पूर्णाङ्कको मौखिक र २० पूर्णाङ्कको अन्तरवार्ता परीक्षा लिइने विश्वविद्यालयले जनाएको छ । उनका अनुसार विश्वविद्यालयमा अध्ययनका लागि कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा न्युनतम ५० प्रतिशत वा 'सी प्लस' अङ्क ल्याएको हुनुपर्ने मापदण्ड तय गरिएको छ ।
विद्यार्थी छनोटसँगै असोजको पहिलो साताबाट दुबै सङ्कायको कक्षा सञ्चालन गर्ने तयारी भएको उनको भनाइ छ । पठनपाठनका लागि विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौँ विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ ।
विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरिएको छ । त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ । विसं २०७९ वैशाख १४ गते मधेश प्रदेशसभाद्वारा मधेश विश्वविद्यालय ऐन २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई सङ्कायको पठनपाठन सुरु गर्न लागेको हो ।
विश्वविद्यालयले वीरगंजस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ । पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इञ्जिनियरिङलगायतका प्राविधिक शिक्षाका माध्यमबाट मधेश प्रदेशलाई प्राविधिक शिक्षा हबका रुपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको विश्वविद्यालय जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यले जानकारी दिए ।
विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका–२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ विघा ऐलानी जग्गा प्राप्त गरेको छ । यस्तै, विश्वविद्यालयले पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठा (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा पाएको छ । बहुदरमाईमा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी खम्बा जडान गरिएको छ भने पोखरियाको १६ बिघा जग्गाको स्वामित्व विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ ।
मधेश विश्वविद्यालयले आफूलाई चाहिने विश्वविद्यालय संगठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षक, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ बनाइ पारित गरिसकेको छ ।

# जग्गा संरक्षण गर्न बृहत्तरलाई उपमहानगरको पत्र



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संरक्षित स्थलहरुको संरक्षण गर्नका लागि जनकपुरधाम उपमहानगरपालिकाले बृहत्तर जनकपुर क्षेत्र विकास परिषदलाई पत्र लेखेको छ ।
जानकी मन्दिर र मन्दिर परिसर रहेको फुलबारीको ऐतिहासिक, पौराणिक सांस्कृतिक महत्त्वको आधारमा मन्दिरलाई विश्व सम्पदाको सूचिमा समावेश गराउन बृहत्तर जनकपुर क्षेत्र विकास परिषदलाई अग्रसर हुन उपमहानगरको माग हो ।
जानकी मन्दिर परिसरस्थित फुलबारीको जग्गाको संवेदनशिलतासमेतालाई ध्यानाकर्षण उपमहानगरले गराएको छ । यस विषयमा आधिकारिक निर्णय गरी कार्यान्वयन गर्न पत्र लेखेको हो । 'यसका लागि परिषद्को संचालक परिषद, कार्यकारिणी समितिको बैठकमा प्रस्ताव पेस गरी निर्णय गर्न आग्रह गरेका हौँ' साहले भनेका छन् ।
जनकपुरधाम क्षेत्र भित्रको धार्मिक ऐतिहासिक वा पुरातात्विक दृष्टिले महत्वपुर्ण मानिएको स्थललाई सार्वजनिक सुचनाद्वारा संरक्षित स्थल तोक्न सकिने व्यवस्था छ । सोही अनुसार प्रकाशित संरक्षित स्थलको सुचिको वडा नम्बर ८ मा जानकी मन्दिर र यसको पुर्वपट्टी रहेको फुलबारीको संरक्षित क्षेत्रमा परिषद्को पुर्व स्वीकृति विना निर्माण गर्न गराउन निषेध गरिएको हो । ऐनको दफा १३ को व्यवस्था गरिएको प्ररिप्रेक्षमा जानकी मन्दिरको पुर्वपट्टीको सामरिक महत्वको फुलबारीको जग्गा संरक्षण गर्नका लागि फुलबारीको जग्गा नापजाँच गरि यकिनसमेत गरिएको जनकपुरधाम उपमहानगरपालिकाले जनाएको छ ।

# यौन दुर्व्यवहार कसुरमा ६ महिना कैद

**मधेशदृष्टि**
**सप्तरी ।**
१५ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको कसुरमा बोदेबर्साइन नगरपालिका–२ प्रितमपुरका ७१ वर्षीय हृदयलाल यादवलाई ६ महिना कैद सजाय भएको छ ।
जिल्ला न्यायाधीश हरिश्चन्द्र ईङ्गनामको इजलासले आरोपित यादवलाई कसुर ठहर गर्दै ६ महिना कैद सजाय फैसला गरेको सप्तरी जिल्ला अदालतले जनाएको छ ।
आरोपितविरुद्ध पीडितकी आमाले इलाका प्रहरी कार्यालय कडरबोनामा २०७८ जेठ ३१ गते उजुरी दिएकी थिइन् । घरमा बालिका एक्लै भएका बेला २०७८ जेठ ३१ गते दिउँसो साढे ११ बजे घर प्रवेश गरेका आरोपितले बलात्कार गरेको पीडितले बताएकी थिइन् ।
पीडितको स्वास्थ्य परीक्षण २०७८ असार १ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भएको थियो । प्रहरीले आरोपितविरुद्ध असार १३ गते जबर्जस्ती करणीको उजुरी दर्ता गरेको थियो ।
आरोपित गिरफ्तार नभएपछि जिल्ला अदालतमा २०७९ जेठ २६ गते अभियोजन पत्र दायर भएको थियो ।
अदालतमा हाजिर भएका आरोपित जिल्ला न्यायाधीश इश्वरमणि ओझाको आदेशमा २०७९ असार ७ गते धरौटीमा रिहा भएका थिए ।

## बालविवाह बदर र आरोपितलाई कैद

**मधेशदृष्टि**
**सप्तरी ।**
१५ वर्षीया बालिकाको सर्लाही रामनगर गाउँपालिका–२ का ३६ वर्षीय सुरेन्द्र महरासँग भएको बालविवाह बदर फैसला भएको छ ।
जिल्ला न्यायाधीश हरिश्चन्द्र इङ्गनामको इजलासले विवाह बदर गर्दै आरोपितहरू महरा र बालिकाका ५६ वर्षीय बुबालाई जनही ६ महिना कैद र ५ हजार रुपियाँ जरिवाना गर्ने फैसला भएको छ । फैसलाअनुसार आरोपितहरूले फौजदारी कसुर पीडित राहत कोषमा जनही २ सय रुपैयाँ जम्मा गर्नुपर्ने छ ।



सुरुङ्गा नगरपालिका–४ कनकपुरस्थित शिव मन्दिरमा २०८० वैशाख ७ गते मागी बालविवाह गरेको फेला पारी सुरुङ्गा नगरपालिकाको कार्यालयले बालिकासहित आरोपितलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय कडरबोनामा सोही दिन पत्र उजुरी दिएको थियो ।
सुरुङ्गा नगरपालिकाको उजुरीले बालविवाहका आरोपित महरा, बालिका र बालिकाका बुबालाई प्रहरीले वैशाख ८ गते गिरफ्तार गरेको थियो । इलाका प्रहरी कार्यालय कडरबोनाले वैशाख ८ गते बालविवाहको उजुरी दर्ता गरेको थियो ।
जिल्ला अदालतमा वैशाख २० गते अभियोगपत्र दर्ता भएकामा जिल्ला न्यायाधीश माधव प्रसाद सुवेदीको वैशाख २१ गतेको इजलासले आरोपितलाई जनही ३५ हजार रुपैयाँ धरौटी लिई पुर्पक्षका लागि तारेखमा रिहा गरेको थियो ।

# भाथा मन्दिर विकासमा एक करोडको प्रतिवद्धता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर ३ का सांसद राजकुमार गुप्ताले दुधेश्वरनाथ (भाथा) मन्दिरको विकासका लागि एक करोड रुपैयाँ बजेट विनियोजन गर्ने घोषणा गरेका छन् । संखुवाप्रसौनी गाउँपालिका वडा नम्बर–५ महुवनमा सोमबार नागपञ्चिमीको अवसरमा आयोजित कुस्ती प्रतियोगितालाई सम्बोधन गर्दै नेकपा एमालेका सांसद गुप्ताले मन्दिरको विकासका लागि आफू हरसमय तयार रहेको बताए ।
कार्यक्रमका विशिष्ट अतिथि गुप्ताले मन्दिर प्रांगणमा विद्युतका लागि ट्रान्सफर्मर जडान र कालोपत्रे सडकको लागि संसदीय कोषबाट एक करोड बजेट विनियोजन गर्ने घोषणा गरे । उनले भाथा मन्दिरलाई बाह्रै महिना खुला गर्न वनमन्त्री वीरेन्द्र महतोलाई अनुरोध गरे । नेकपा एमालेका केन्द्रीय सदस्यसमेत रहेका गुप्ताले भाथा मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नेमा जोड दिए । त्यसैगरी, कार्यक्रमका प्रमुख अतिथि मन्त्री महतोले मन्दिरलाई बाह्रै महिना खुला गर्न सचिवस्तरीय बैठक गरेर चाँडै निर्णय गरिने प्रतिवद्धता जाहेर गरे ।
कार्यक्रममा प्रदेश सभा सदस्य श्याम पटेल, जसपाका नेता रामनरेश यादव, सुरेन्द्र कुर्मी, प्रदीप जयसवाल, एमाले नेता मन्जुर अन्सारी लगायतको उपस्थिति थियो । कुस्ती प्रतियोगिता पारसनाथ युवा समाजको आयोजना र कानु समाजको सहयोगमा भएको हो ।

# साहुबाट कुटिएकी एकल महिलालाई प्रहरीबाट पनि अन्याय !

> गाउँमा घडेरीको भाउ कठ्ठाको २० लाख रुपैयाँ छ । कानुले १२ लाख रुपैयाँमै रोडसँग टाँसिएको ६ कठ्ठा घडेरी पास गरिदिन दबाब दिएपछि...



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा साहुबाट कुटिएकी एकल महिलालाई प्रहरीले पनि थुनामा राखेर अन्याय गरेको पाइएको छ ।
छिपहरमाई गाउँपालिका वडा नम्बर २ टिहुकी ५० वर्षीया तारा देवी यस्तो अन्यायमा परेकी हुन् । उनले छोरासहित आफूलाई आइतबार दिउँसो प्रहरीले पोखरियास्थित इलाका प्रहरी कार्यालयमा थुनेर राति ११ बजेतिर छाडेको बताइन् ।
सोमबार वीरगंजमा पत्रकार सम्मेलन गरेर तारादेवीले भनिन्, 'आइतबार बिहान साहुकार र उनका मान्छे घरमै आए, हामी आमाछोरालाई मर्नेगरी कुटेर घाइते बनाए । प्रहरीले न्याय दिनुको सट्टा उल्टै थुनेर राति ११ बजे छाड्यो ।'
तारादेवीका अनुसार, झलमहियाका वीरेन्द्र साह तेलीसँग लिइएको ४ लाख रुपैयाँ ऋणको ५ लाख ६८ हजार रुपैयाँ तिर्नुपर्ने थियो । तारादेवीले गाउँकै भोला साह कानुसँग असार १७ गते १२ लाख रुपैयाँ लिइएको बताइन् । कानुले १२ लाख रुपैयाँ दिएबापत तारादेवीको ६ कठ्ठा घडेरी मालपोत कार्यालयमा गएर आफनो नाममा रजिष्ट्रेसन पास गरिदिन दबाब दिए । 'करोडौँ मूल्यको जग्गा १२ लाख रुपैयाँमै दिन नमानेपछि आइतबार घर आएर आमा छोरामाथि निर्घात कुटपिट भयो, उल्टै प्रहरीमा लगेर थुन्न पनि लगाए,' तारादेवीले बताइन् ।
गाउँमा घडेरीको भाउ कठ्ठाको २० लाख रुपैयाँ छ । कानुले १२ लाख रुपैयाँमै रोडसँग टाँसिएको ६ कठ्ठा घडेरी पास गरिदिन दबाब दिएपछि उनले मानिनन् ।
इलाका प्रहरी कार्यालयमा पुग्दा प्रहरीले आफूहरुको पीडा सुन्नुको सट्टा उल्टै थुनामा राखेको कुटपिटबाट घाइते भएका तारादेवीका छोरा गोखुल महत्तो कंकरले गुनासो गरे । साहुकार कानुसँगै उनका मान्छेहरु प्रदीप साह कानु, सन्दीप साह कानु, भगत साह कानु, पागल साह कानु, बृजेश यादव कानुसहितकाले कुटपिट गरी घाइते बनाएको कंकरले बताए ।
पत्रकार सम्मेलनमा साहुकार कानुसँग लिइएको १२ लाख रुपैयाँ फिर्ता गर्न आफू तयार रहेको बताए । इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक मोहनबिक्रम केसीले पीडित भनिएकी तारादेवी र उनका छोरालाई प्रहरी थुनामा नराखेको दाबी गरे । लेनदेन विवादमा उजुरी परेपछि प्रहरी कार्यालयमा आइतबार दुवै पक्षलाई बोलाइएको तर प्रहरी थुनामा कसैलाई नराखिइको उनले बताए ।

# एमालेको सचिवालय बैठक सिरहामा हुने



**मधेशदृष्टि**
**सिरहा ।**
नेकपा एमालेले भदौ ९ गते सचिवालय बैठक डाकेको छ । एमालेले यसपटकको सचिवालय बैठक काठमाडौँ उपत्यकाबाहिर राखेको छ । तत्कालीन नेकपा मालेको चौथो महाधिवेशन भएको स्थल सिरहाको विष्णुपुरकट्टीमा सचिवालय बैठक राखिएको एमाले प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिए । उनले बैठकको बेला नै कम्युनिष्ट पार्टी स्थापना भएको ७५ वर्ष पुगेको अवसरमा सोही ठाउँमा स्मारकको पनि शिलान्यास गर्ने कार्यक्रम रहेको बताए । 'त्यही महाधिवेशनबाट पार्टीले निरङ्कुश राजतन्त्रविरुद्ध कम्युनिष्ट एक भएर संयुक्त जनआन्दोलनमा सहभागी हुने निर्णय गरेको थियो । सोही महाधिवेशनले नै पुष्पलालले अगाडि सारेको संयुक्त आन्दोलनलाई महासचिवमा निर्वाचित भएपछि मदन भण्डारीको नेतृत्वमा कार्यान्वयन गरिएको थियो,' उनले भने, 'महाधिवेशन भएको ऐतिहासिक ठाउँको महत्व दर्शाउन यसपटक सिराहामा सचिवालय बैठक गर्ने निर्णय गरेको हौँ ।' तत्कालीन मालेको चौथो महाधिवेशन विसं २०४६ भदौ ९ देखि १४ गतेसम्म विष्णुपुरकट्टीमा भएको थियो । सोही महाधिवेशनमा महासचिवमा मदन भण्डारी निर्वाचित भएका थिए । महाधिवेशनको सम्झनामा ३४ वर्षपछि एमालेले सोही ठाउँमा पार्टीको सचिवालय बैठक राखेको हो ।

# असुरक्षित पत्रकार:



**मधेशदृष्टि**
**वीरगंज ।**
क्रसरमाफियाको कुटपिटबाट घाइते रौतहटका पत्रकार राकेश यादव । यो साता सप्तरीमा सौरभ यादव, महोत्तरीमा विजयकुमार सिंहमाथि पनि कुटपिट भएको छ । पत्रकारको क्यामेरा फुटाइएको छ । मधेश प्रदेशमा फेरि पत्रकार असुरक्षित भएका छन ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन